**मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:**
9854028218
9802592799
9803474311
9817806395



नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com


**प्रधानमन्त्री शाहद्वारा ७ प्रदेशमा 'बर्न' उपचार केन्द्र विस्तार गर्न निर्देशन**
पृष्ठ २ मा




● वर्ष ४ ● अंक २३६ ● २०८३ साल असार ३० गते मंगलबार ● Tuesday 14, July 2026 ● सूर्योदयः बिहान ०५:२० बजे ● सूर्यास्तः साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# डिजिटल पहुँचसँगै मधेशमा बढ्यो अनलाइन ठगी

**वैदेशिक रोजगारीमा रहेका नेपालीका परिवार, मनी ट्रान्सफर सेवा प्रयोग गर्ने तथा डिजिटल बैंकिङबारे कम जानकारी भएका सेवाग्राही यस्ता ठगीका प्रमुख सिकार बन्ने गरेका छन् । सस्तो सामान, चमत्कारी औषधि, बैंक खाता नवीकरण, वैदेशिक रोजगारी तथा आकर्षक लगानीको प्रलोभन देखाएर रकम असुल्ने प्रवृत्ति बढ्दो छ । सानो रकम गुमाउँदा धेरै पीडितले उजुरी नगर्ने भएकाले पनि यस्ता गिरोह सक्रिय रहन सहज भएको प्रहरीको बुझाइ छ ।**




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा डिजिटल बैंकिङ, मोबाइल वालेट र सामाजिक सञ्जालको प्रयोग तीव्र रूपमा विस्तार भइरहेका बेला अनलाइन ठगीका घटना पनि नयाँ चुनौतीका रूपमा देखिन थालेका छन् । प्रविधिले दैनिक आर्थिक कारोबार सहज बनाए पनि डिजिटल सुरक्षाबारे पर्याप्त जानकारी नहुँदा सर्वसाधारण नागरिक ठगीको सिकार बन्ने क्रम बढ्दो छ।

धनुषाधामस्थित मामा–भान्जा ट्रेडर्सका सञ्चालक विशालकुमार भुजेल ११ पुस २०८२ मा ठगी आरोपमा पक्राउ परेका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार उनले रकम लिन आउने सेवाग्राहीको नागरिकताको प्रतिलिपि र फोटो संकलन गरी ती विवरणबाट मोबाइल सिम निकाल्ने, ग्राहक पहिचान विवरण (केवाईसी) भरी इसेवालगायत डिजिटल वालेटमा खाता खोल्ने र त्यसलाई ठगीका गतिविधिमा प्रयोग गर्ने गरेको अनुसन्धानबाट खुलेको थियो । यस प्रकरणमा विशालसहित १० जना पक्राउ परेका थिए।

यसअघि २५ वैशाख २०८२ मा धनुषा प्रहरीले सामाजिक सञ्जालमार्फत ठगी गरेको आरोपमा सात जनालाई पक्राउ गरेको थियो । प्रहरीले उनीहरूले फेसबुकलगायत सामाजिक सञ्जालमा सस्तो मूल्यमा सामान बिक्री हुने विज्ञापन राखी अग्रिम भुक्तानी लिने र रकम प्राप्त भएपछि सम्पर्कविहीन हुने गरेको जनाएको थियो । अनुसन्धानका क्रममा २१ वटा नक्कली सामाजिक सञ्जाल खाता, इसेवाका २९ र खल्तीका १६ वटा वालेट प्रयोग भएको खुलेको थियो । प्रहरीका अनुसार यस गिरोहले दुई करोड ६३ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोप छ।

धनुषा प्रहरीका अनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीका परिवार, मनी ट्रान्सफर सेवा प्रयोग गर्ने तथा डिजिटल बैंकिङबारे कम जानकारी भएका सेवाग्राही यस्ता ठगीका प्रमुख सिकार बन्ने गरेका छन् । सस्तो सामान, चमत्कारी औषधि, बैंक खाता नवीकरण, वैदेशिक रोजगारी तथा आकर्षक लगानीको प्रलोभन देखाएर रकम असुल्ने प्रवृत्ति बढ्दो छ । सानो रकम गुमाउँदा धेरै पीडितले उजुरी नगर्ने भएकाले पनि यस्ता गिरोह

*बाँकी पृष्ठ २ मा*

# चन्द्रपुरबाट अगाडि बढे मिटरब्याज पीडित



**मधेशदृष्टि**
**रौतहट।**
मिटरब्याजबाट पीडित नागरिकहरूले आफ्ना माग तत्काल सम्बोधन गर्न सरकारलाई दबाब दिँदै चन्द्रपुरमा कोणसभा गरेका छन् । जनकपुरबाट काठमाडौँसम्म पैदल यात्रा गरिरहेका पीडितहरूले सरकारले आफ्ना माग बेवास्ता गरे आन्दोलनलाई अझ सशक्त बनाउने चेतावनी दिए ।

चन्द्रपुरमा आयोजित कोणसभालाई सम्बोधन गर्दै आन्दोलन समितिका अध्यक्ष अबधेश कुशवाहाले मिटरब्याज पीडितहरूले वर्षौंदेखि अन्याय र आर्थिक शोषण भोग्दै आएको बताए । सरकारले पटक–पटक प्रतिबद्धता जनाए पनि व्यवहारमा कार्यान्वयन नगरेकाले सडक आन्दोलन रोज्न बाध्य भएको उनको भनाइ थियो। उनले प्रतिकूल मौसम, लगातारको वर्षा र शारीरिक कठिनाइका बाबजुद न्यायको खोजीमा जनकपुरदेखि काठमाडौँसम्मको पैदल यात्रा जारी रहेको उल्लेख गर्दै ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकसमेत यात्रामा सहभागी हुनु आन्दोलनको गम्भीरता र पीडितहरूको दृढ संकल्पको प्रतीक भएको बताए।

कोणसभाका क्रममा सहभागीहरूले 'मिटरब्याज पीडितलाई न्याय दे', 'अवैध तमसुक खारेज गर', 'लुटिएको सम्पत्ति फिर्ता गर' र 'दलालहरू होशियार' लगायतका नारा लगाउँदै सरकारसँग तत्काल ठोस निर्णय गर्न माग गरेका थिए । पीडितहरूले सरकारसमक्ष राखेको ६ बुँदे मागमा मिटरब्याजसँग सम्बन्धित अवैध तमसुक तथा कागजात खारेज गर्ने, विशेष आयोग र विशेष न्यायाधिकरण गठन गर्ने, कब्जा गरिएको सम्पत्ति फिर्ता गराउने, दोषीलाई कानुनी कारबाही गर्ने तथा पीडितहरूको आर्थिक पुनस्र्थापनाको व्यवस्था गर्नुपर्ने विषय समेटिएका छन्।

आन्दोलनकारीहरूले सरकारले विगतमा गरेका प्रतिबद्धता कार्यान्वयन नभएसम्म आन्दोलन नरोकिने स्पष्ट पारे । उनीहरूले 'हामी दया होइन, संविधानले सुनिश्चित गरेको न्यायको अधिकार मागिरहेका छौँ । अब आश्वासन होइन, कार्यान्वयन चाहिन्छ,' भन्दै सरकारलाई तत्काल निर्णय गर्न आग्रह गरेका छन्।

चन्द्रपुरमा कोणसभा सम्पन्न गरेपछि मिटरब्याज पीडितहरूको 'न्याय मार्च' बाराको निजगढ हुँदै काठमाडौँतर्फ प्रस्थान गरेको छ।

# जनकपुरधामको बजेट २ अर्ब ६५ करोड

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि २ अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। नगरसभामा नगरप्रमुख मनोजकुमार साहले बजेट प्रस्तुत गर्दै पूर्वाधार विकास, आन्तरिक आय वृद्धि र शहरी उत्थानशीलतालाई मुख्य प्राथमिकतामा राखिएको जानकारी दिए।

उपमहानगरका अनुसार बजेट व्यवस्थापनका लागि नेपाल सरकारबाट प्राप्त हुने ३० करोड ५९ लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान, मधेश प्रदेश सरकारको समानीकरण अनुदान, संघ र प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट, सशर्त अनुदान, चालु आर्थिक वर्षको बचत तथा अन्य स्रोत परिचालन गरिनेछ । साथै,



आन्तरिक स्रोतबाट २० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ। आगामी वर्षको बजेटले नगरको समग्र विकाससँगै आधारभूत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने नगरप्रमुख साहले बताए। बजेटमा सरसफाइ, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद, कृषि, रोजगारी प्रवद्र्धन, सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण, नगर सौन्दर्यीकरण र शहरी उत्थानशीलता परियोजनालाई विशेष प्राथमिकतामा राखिएको छ । उपमहानगरपालिकाले विकास निर्माणसँगै सेवा प्रवाहको गुणस्तर सुधार, आन्तरिक आयको दायरा विस्तार र दिगो शहरी विकासलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

# वर्षाले किसानमा आशा जागृत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
केही सातादेखि परेको खडेरी र पर्याप्त वर्षा नहुँदा चिन्तित बनेका मधेशका किसानलाई पछिल्ला केही दिनदेखिको वर्षाले राहत दिएको छ । पानी परेसँगै धान रोपाइँले गति लिन थालेको छ भने आकाशे पानीको भरमा खेती गर्ने किसान पनि खेतमा फर्किएका छन्।

यसअघि नहर, कुलो, बोरिङ र पम्पसेटबाट सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै रोपाइँ भइरहेको थियो। वर्षाको अभावमा अधिकांश आकाशे पानीमा निर्भर खेत बाँझै थिए । अहिलेको वर्षाले त्यस्ता खेतमा समेत रोपाइँ गर्ने वातावरण बनेको किसानहरू बताउँछन्।

महोत्तरीको पिपरा गाउँपालिकाका किसान सोहन ठाकुरले वर्षाले किसानमा नयाँ उत्साह थपेको बताए। उनका अनुसार अझ केही दिन लगातार पानी परे अधिकांश बाँकी खेतमा सहजै रोपाइँ गर्न सकिनेछ । धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाका किसान सीताराम यादव पनि वर्षासँगै खेतमा व्यस्त छन्। उनका अनुसार पर्याप्त वर्षा भए मोटर र बोरिङमा निर्भर हुनुपर्ने अवस्था हट्नेछ र साना किसानलाई खेती गर्न सहज हुनेछ।

यद्यपि सबै किसानको समस्या समाधान भएको छैन । धनुषाकै जनकनन्दिनी गाउँपालिकाका किसान राजकिशोर राउतले पर्याप्त पानी भए पनि खेत रोप्न आवश्यक मजदुर नपाउँदा समस्या भइरहेको बताए । उनका अनुसार मजदुरको अभावका कारण समयमै रोपाइँ हुन नसके फेरि मौसम परिवर्तन भएर खेत बाँझै रहने चिन्ता कायमै छ।

लगातारको वर्षासँगै खोलानाला र साना नदीहरूमा पानीको बहाव बढेको छ। केही दिनयताको वर्षाले अत्यधिक गर्मीबाट सर्वसाधारणले राहत महसुस गरेका छन्। तर मौसम प्रतिकूल बन्दै जाँदा विद्युत् आपूर्ति पटक–पटक अवरुद्ध हुँदा स्थानीयले सास्ती पनि खेपिरहेका छन्।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालयका अनुसार हालसम्म मधेश प्रदेशमा करिब ३३ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । जिल्लागत विवरणअनुसार सिराहामा ४५ प्रतिशत, पर्सामा ४० प्रतिशत, सप्तरीमा ३८ प्रतिशत, धनुषामा ३५ प्रतिशत, सर्लाहीमा ३०.४१ प्रतिशत, महोत्तरीमा २५.३९ प्रतिशत, बारामा २२ प्रतिशत तथा रौतहटमा १६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

कृषि क्षेत्रका अधिकारीहरूका अनुसार आगामी केही दिन पनि अनुकूल वर्षा जारी रहे धान रोपाइँले थप गति लिने र यस वर्ष उत्पादनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

## आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार 'मधेशदृष्टि दैनिक'लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**पदः** जिल्ला संवाददाता
**संख्याः** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरुः** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यताः** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइं) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमताः** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्रः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिकः** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।




# 'मिथिलाको लोक साहित्य संरक्षण नगरे अस्तित्व संकटमा पर्छ'



**मधेशदृष्टि**
**दरभंगा (भारत)।**
मिथिलाको मौलिक लोक साहित्य, लोकसंस्कृति र परम्परागत सांस्कृतिक सम्पदा क्रमशः लोप हुने अवस्थामा पुगेकाले यसको संरक्षणमा सबै पक्ष गम्भीर बन्नुपर्ने आवश्यकता औँल्याइएको छ । अखिल भारतीय साहित्य ट्रस्टद्वारा आइतबार दरभंगास्थित मखाना अनुसन्धान केन्द्रको सभागारमा आयोजित 'प्री–लोक मन्थन' कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै कमलापुत्र विक्रम यादवले मिथिलाको लोक साहित्यलाई भावी पुस्ताका लागि जोगाउन तत्काल पहल आवश्यक रहेको बताए।

उनले लोककथा, लोकगाथा, उपाख्यान र लोकगौरव मिथिलाको सांस्कृतिक पहिचानका अभिन्न अंग भएको उल्लेख गर्दै राजा सल्हेश, दिनाभद्री, बंठा चमार र कारिख महाराजजस्ता ऐतिहासिक पात्रहरूले आज पनि लोकस्मृतिमा विशेष स्थान ओगटेको बताए । यादवका अनुसार शीत–बसन्त, आल्हा–उदल र कुंबर बृजभानजस्ता लोकनृत्य तथा झिझिया, जट–जटिन, डोमकचलगायतका परम्परागत नृत्यहरू विस्तारै हराउँदै गएका छन् । त्यस्तै, चैता, महाराई र करिख महाराजको झुमरजस्ता लोकगायनबारे नयाँ पुस्ता अपरिचित बन्दै गएको उनको भनाइ थियो।

उनले ढोल, पिपही र रसन चौकीजस्ता मिथिलाका परम्परागत बाजागाजासमेत लोपोन्मुख अवस्थामा पुगेको उल्लेख गर्दै यिनको संरक्षण र प्रवद्र्धनका लागि योजनाबद्ध प्रयास आवश्यक रहेको बताए । मिथिलाको लोकसंस्कृति र साहित्यको विकास कमला नदीसँग ऐतिहासिक रूपमा जोडिएको पनि उनले स्पष्ट पारे।

कार्यक्रमको पहिलो सत्रको अध्यक्षता वरिष्ठ वैज्ञानिक डा. मनोज कुमारले गरेका थिए । विशेष अतिथि सिया प्यारे शरण (सन्दीप जी)ले लोक साहित्यलाई पुर्खाले सुम्पिएको अमूल्य सम्पदा भएको उल्लेख गर्दै यसको संरक्षण र पुस्तान्तरणमा जोड दिए । सो अवसरमा राहुल कुमार चौधरी र गौतम कुमार बत्स्यानले पनि आफ्ना धारणा राखेका थिए।

दोस्रो सत्रमा कवि डा. विनोद कुमार हंसोदाको अध्यक्षतामा कविता गोष्ठी सम्पन्न भएको थियो । कवियत्री नैना साहु, स्वतन्त्र शाण्डिल्य, गौरी शंकर साह, आचार्य धीरेन्द्र झा 'माणिक्य', भारती रञ्जन, अनिता कुमारी तथा बालकवि कृधा नन्दिनीलगायतका स्रष्टाहरूले कविता वाचन गर्दै उपस्थित दर्शकलाई मन्त्रमुग्ध पारे। कार्यक्रमको संयोजन अखिल भारतीय साहित्य परिषद्, बिहारकी महासचिव मीनाक्षी मीनलले गरेकी थिइन्।

# दलित परिवारलाई खाद्यान्न सामाग्री सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–१ का एक असहाय दलित परिवारलाई छोरीको विवाहमा केही राहत पु¥याउने उद्देश्यले समाजसेवी बृजेश्वर प्रसाद चौधरीले खाद्यान्न सामग्री तथा नगद सहयोग प्रदान गरेका छन्।

चौधरीले एक बोरा चामल, दुई बोरा चिउरा, आवश्यक मसला तथा नगद रु. ३ हजारसहित करिब रु. ७ हजार बराबरको सहयोग उपलब्ध गराएका हुन्। सहयोग प्रदान गर्दै उनले आर्थिक अभावका कारण कठिनाइमा परेका परिवारलाई सबैले आफ्नो क्षमता अनुसार साथ र सहयोग गर्नुपर्ने बताए।

समाजका अ गुवा चौधरीले यसअघि पनि विभिन्न असहाय, विपन्न तथा पीडित परिवारलाई निरन्तर सहयोग गर्दै आइरहेको स्थानीयले बताएका छन्।

# आचारसंहिता प्रभावकारी कायान्वयन सम्बन्धी अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज।**
मिडिया काउन्सिल मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको समन्वयमा आचारसंहिताको प्रभावकारी कार्यान्वयन विषयमा पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा देवी थापा प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, केन्द्रीय सदस्य राजेश कर्ण, केन्द्रीय सदस्य सिकेन्द्र पासवान, महोत्तरी शाखा अध्यक्ष महेश दास, बारा शाखा अध्यक्ष रमेश सुवेदी तथा पर्सा शाखा अध्यक्ष ओमप्रकाश खनालगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै पत्रकारिताको विश्वसनीयता कायम गर्न पत्रकार आचारसंहिताको पूर्ण पालना अपरिहार्य रहेको धारणा राखेका थिए । अन्तरक्रिया कार्यक्रममा पत्रकारिता क्षेत्रमा आचारसंहिताको प्रभावकारी कार्यान्वयन, देखिएका चुनौती तथा समाधानका उपायबारे विस्तृत छलफल भएको थियो । सो अवसरमा अशोक तिवारी, राजेश कर्ण, केसी लामिछाने र महेश दासले आचारसंहिता कार्यान्वयनसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गरेका थिए।

प्रस्तुत कार्यपत्रमाथि सहभागी पत्रकारहरूले आफ्ना जिज्ञासा, सुझाव तथा अनुभवहरू राख्दै आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि साझा प्रतिबद्धता व्यक्त गरेका थिए।

# 'कमला नदी संरक्षण नगरे मिथिलाको भविष्य संकटमा पर्छ'



**मधेशदृष्टि**
**दरभंगा।**
मिथिलाको जीवनरेखा मानिने तथा गंगाजत्तिकै धार्मिक र सांस्कृतिक महत्व बोकेको कमला नदी संरक्षणका लागि नेपाल–भारत दुवै देशका नागरिकले संयुक्त रूपमा अभियान सञ्चालन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । दरभंगा जिल्लाको धोई घाटस्थित राधाकृष्ण मन्दिर परिसरमा आइतबार समाजसेवी योगेन्द्र यादवको अध्यक्षतामा आयोजित कमला संरक्षणसम्बन्धी बैठकमा वक्ताहरूले नदीको संरक्षणलाई समयको प्रमुख आवश्यकता भएको बताएका हुन्।

कमला संरक्षण अभियन्ता विक्रम यादवले कमला नदी नेपालको सिन्धुली जिल्लाबाट उद्गम भई धनुषा र सिराहा हुँदै भारतको मधुवनी, दरभंगा तथा समस्तीपुर जिल्लासम्म बग्ने उल्लेख गर्दै यसले नेपाल र भारतका लाखौं नागरिकको कृषि तथा जीवनयापनमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको बताए।

उनका अनुसार कमला नदी केवल जलस्रोत मात्र नभई मिथिलाको धार्मिक आस्था र सांस्कृतिक पहिचानसँग पनि गहिरो रूपमा जोडिएको छ । जानकीको विवाहसँग सम्बन्धित धार्मिक विश्वासदेखि मल्लाह समुदायकी कुलदेवीका रूपमा कमलाको पूजा हुने परम्परासम्म यस नदीको विशेष महत्व रहेको उनले बताए । हाते पम्प खन्नुअघि समेत कमलेश्वरी माताको पूजा गर्ने चलनले कमलाप्रतिको जनआस्था झल्काउने उनको भनाइ थियो।

विक्रम यादवले समयमै कमला नदीको संरक्षण गर्न नसके नेपालको धनुषा र सिराहा तथा भारतको मधुवनी र दरभंगा जिल्लाले भविष्यमा मरुभूमीकरण र गम्भीर जलसंकटको सामना गर्नुपर्ने चेतावनी दिए । पोखरी बचाउ अभियानका संयोजक नारायण जी चौधरीले झंझरपुरदेखि दरभंगासम्मको करिब ४५ किलोमिटर क्षेत्रमा कमला नदीका दसवटा प्राकृतिक धाराहरू रहेको स्मरण गराउँदै बाढी नियन्त्रणका नाममा दुवैतर्फ तटबन्ध निर्माण गरिएपछि तीमध्ये नौवटा धारा बन्द भएको बताए । त्यसको प्रत्यक्ष असर बाढी, खडेरी र भूमिगत पानीको अभावका रूपमा देखिएको उनको भनाइ थियो।

अधिवक्ता अजित कुमारले कमला नदी संरक्षण कुनै एक देशको मात्र जिम्मेवारी नभएको उल्लेख गर्दै नेपाल र भारतका नागरिकबीच साझा पहल र समन्वयात्मक अभियान अपरिहार्य भएको बताए। बैठकमा सन्दीप कुमार देहदानी, ओम प्रकाश महतो, देवेन्द्र यादव, विद्यार्थी नेता दिलीप कुमार यादव, तसिव नवाब, डा. अमर जी कुमार, स्वर्ण प्रताप सिंह, आशुतोष कुमार, रमन कुमारलगायतले कमला नदीको संरक्षण, पुनर्जीवन र दीर्घकालीन व्यवस्थापनका विषयमा आफ्ना धारणा राखेका थिए।

# प्रेस युनियन रौतहटका अध्यक्ष शिवाकोटीको निधन

**मधेशदृष्टि**
**रौतहट।**
अन्नपूर्ण पोष्ट दैनिकका रौतहट संवाददाता प्रिमेश शिवाकोटीको निधन भएको छ। नेपाल प्रेस युनियन रौतहटका अध्यक्ष समेत रहेका चन्द्रपुर नगरपालिका–७ निवासी ३६ वर्षीय सञ्चारकर्मी शिवाकोटीको उपचारको क्रममा सोमबार बिहान निधन भएको हो।

विगत केही समयदेखि जोन्डीस र मृगौलाको समस्याबाट ग्रसित शिवाकोटीको चितवन नेशनल मेडिकल कलेजमा उपचार भइरहेको थियो । उपचारकै क्रममा उनको निधन भएको हो। स्व. शिवाकोटीको परिवारमा श्रीमति र एक छोरी छन्।

# महिला हिंसाविरुद्ध वक्तित्वकला प्रतियोगिता

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा महिला हिंसाविरुद्ध वक्तित्वकला प्रतियोगिता सम्पन्न भएको छ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा कुम्हालटोल, वडा प्रहरी कार्यालय बिर्ताको संयुक्त आयोजना तथा वीरगंज युवा समाज र अभिभावक संघ पर्साको सहयोगमा कार्यक्रम गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि प्रहरी नायब उपरीक्षक राजु कार्कीले महिला हिंसा अन्त्यका लागि विभेदपूर्ण सोचको अन्त्य, शिक्षा र सचेतना आवश्यक रहेको बताउनुभयो । प्रहरी निरीक्षक विक्रम सुवेदीले महिला हिंसा न्यूनीकरणका लागि घरपरिवारबाटै सचेतना अभियान सुरु गर्नुपर्नेमा जोड दिए।

प्रतियोगितामा कञ्चनजङ्घा स्कुलकी उमिता कार्की प्रथम, विद्यापीठ स्कुलकी अमृता प्रजापति द्वितीय र इन्दु लाखे स्कुलकी छात्रा तृतीय भएकी छन् । विजेतालाई मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ।

# रसुवागढी जलविद्युत् आयोजना अस्थायी रूपमा बन्द

**रसुवा।**
ल्हेन्दे खोलामा आइतबार साँझ पानीको सतह बढ्दै लेदो मिसिएको बाढी आउन थालेपछि पूर्वसावधानीस्वरूप १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन बन्द गरिएको छ । रसुवागढी जलविद्युत् केन्द्रका प्रमुख सन्तोष अधिकारीका अनुसार सम्भावित जोखिमलाई मध्यनजर गर्दै आइतबार साँझदेखि विद्युत् उत्पादन रोकिएको हो।

खोलाको अवस्था सामान्य रहेमा सोमबारबाट पुनः विद्युत् उत्पादन सुरु गरिने उनले जानकारी दिए। गत वर्ष असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले आयोजनाको बाँधसहित विभिन्न संरचनामा ठूलो क्षति पु¥याएको थियो । त्यसपछि मर्मत तथा पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको आयोजनालाई पुनः क्षति पुग्न सक्ने आशङ्कामा सुरुङतर्फ पानी लैजाने गेट बन्द गरिएको प्राविधिकहरूले बताएका छन्।

रसुवागढी हाइड्रोपावरका कार्यकारी निर्देशक सत्यराम ज्याख्वाका अनुसार खोलाको बहाव निरन्तर अनुगमन भइरहेको छ । अवस्था सुरक्षित देखिएमा आजैदेखि विद्युत् उत्पादन पुनः सञ्चालनमा ल्याइने उनले बताए। भोटेकोशी नदीमा पनि पानीको बहाव बढ्न थालेपछि रसुवागढी भन्सार यार्डमा रहेका मालवाहक सवारीसाधन तथा नयाँ आयातित सवारी तत्काल सुरक्षित स्थानमा सारिएको त्यहाँस्थित सुरक्षाकर्मीले जनाएका छन्।

भन्सार यार्डको उत्तरी भागबाट बाढी पस्न सक्ने जोखिम रहेकाले यार्डको थप सुरक्षा र तटबन्ध निर्माण गर्न नेपाल इन्टरमोडल यातायात विकास समिति ९प्रालि०सँग चालकहरूले माग गरेका छन् । गोसाइँकुण्ड गाउँपालिका–२ का वडाध्यक्ष कामी छिरिङ तामाङले ल्हेन्दे खोला र भोटेकोशी नदी आसपास नजान तथा सवारीसाधन नदी किनारमा नराख्न स्थानीयवासीलाई आग्रह गरेका छन्।

रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार आइतबार साँझ आएको हल्का बाढीले मैलुङ सडकबाहेक अन्य स्थानमा उल्लेखनीय क्षति पु¥याएको छैन। मैलुङ सडकखण्ड जोखिममा परेकाले केरुङ आवतजावत गर्ने सवारीसाधनलाई बेत्रावती–कालिकास्थान–धुन्चे–स्याफ्रुबेँसी हुँदै रसुवागढी पुग्ने साविकको सडक प्रयोग गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले यात्रु तथा चालकलाई जोखिमयुक्त सडक प्रयोग नगर्न अनुरोध गरेका छन् । लगातारको वर्षाका कारण नदी तथा खोल्सामा पानीको बहाव बढिरहेकाले नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रमा नबस्न र यात्रा गर्दा विशेष सावधानी अपनाउन प्रशासनले आग्रह गरेको छ। कतै पनि विपद्को अवस्था देखिएमा आपत्कालीन निःशुल्क नम्बर १२३४ मा तत्काल जानकारी गराई उद्धार तथा राहत कार्यमा सहयोग गर्न प्रमुख जिल्ला अधिकारी परियारले सर्वसाधारणसँग अनुरोध गरे । रासस

# डिजिटल पहुँचसँगै मधेशमा...

सक्रिय रहन सहज भएको प्रहरीको बुझाइ छ।

मधेशमा यसअघि पनि विभिन्न प्रकृतिका साइबर तथा अनलाइन ठगीका घटना सार्वजनिक भएका छन्। १० फागुन २०८१ मा पर्साको वीरगन्जबाट अनलाइन जुवा सञ्चालन गरेको आरोपमा भारतीय नागरिक रविशंकर ठाकुर पक्राउ परेका थिए । त्यसअघि सप्तरीमा अनलाइन ठगीबाट संकलित रकम विभिन्न बैंक खातामार्फत व्यवस्थापन गरेको आरोपमा डम्बर साह पक्राउ परेका थिए। १० वैशाख २०८० मा धनुषामा टलविन लाइफ नामक संस्थामा लगानी गराउने बहानामा हजारौँ व्यक्तिबाट करिब ४९ लाख रुपैयाँ ठगी गरेको आरोपमा छ जना पक्राउ परेका थिए।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशमा अनलाइन ठगीका नौ मुद्दा दर्ता भएका छन्, जसमा १९ लाख २९ हजार रुपैयाँ बराबरको ठगी भएको उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ मा चार मुद्दामा ४० लाख ५१ हजार रुपैयाँ, २०७९/८० मा दुई मुद्दामा ३७ लाख चार हजार रुपैयाँ, २०७८/७९ मा १७ मुद्दामा ५७ लाख ३१ हजार रुपैयाँ तथा २०७७/७८ मा १५ मुद्दामा ४७ लाख ३२ हजार रुपैयाँ बराबरको ठगी भएको अभिलेखमा देखिन्छ।

यसबीच मधेश प्रदेशमा डिजिटल वित्तीय सेवाको पहुँच पनि निरन्तर विस्तार भइरहेको छ।

नेपाल राष्ट्र बैंकको आर्थिक अध्ययन प्रतिवेदन २०८२/८३ अनुसार प्रदेशभर इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाका एक हजार ७५९ शाखा सञ्चालनमा छन् । तीमध्ये ५८७ वाणिज्य बैंक, ८६ विकास बैंक, ५३ वित्त कम्पनी र एक हजार ३३ लघुवित्त संस्था रहेका छन् । प्रदेशमा एटीएमको संख्या ५११ पुगेको छ । सबैभन्दा बढी एटीएम धनुषामा ८३ वटा छन् भने सबैभन्दा कम रौतहटमा ४४ वटा रहेका छन्।

बैंकिङ पहुँच बढेसँगै जोखिम पनि बढेको भन्दै प्रहरी र बैंकिङ क्षेत्रका अधिकारीहरूले सावधानी अपनाउन आग्रह गरेका छन्। मधेश प्रदेश प्रहरी कार्यालयका सहायक प्रवक्ता एसपी भेषराज रिजालका अनुसार ठगीका अधिकांश घटनामा अरूको नागरिकता, फोटो, मोबाइल नम्बर, बैंक खाता तथा डिजिटल वालेटको दुरुपयोग भएको देखिएको छ । कतिपय अवस्थामा मृत व्यक्तिको नाममा समेत खाता खोलिएको तथा अरूको बैंक खाता रकम दिएर प्रयोग गर्ने प्रवृत्ति पनि भेटिएको उनले बताए।

रिजालका अनुसार सामाजिक सञ्जालमा अत्यन्तै कम मूल्यमा सामान बिक्री गर्ने विज्ञापन राख्ने, रकम डिजिटल वालेटमा जम्मा गराउन लगाउने र त्यसपछि सम्पर्कविहीन हुने शैली अहिले सबैभन्दा बढी देखिएको ठगीको स्वरूप हो । धेरै घटना लोभ, असावधानी र डिजिटल सुरक्षाबारे जानकारीको अभावका कारण हुने गरेको उनको भनाइ छ।

पर्साका प्रहरी प्रवक्ता डीएसपी सुभाष भट्टका अनुसार अनलाइन ठगीमा अशिक्षित मात्र होइन, शिक्षित व्यक्तिसमेत फस्ने गरेका छन्।

प्रहरी अधिकारीहरूका अनुसार अहिले साइबर अपराधका उजुरी जिल्ला तहबाटै दर्ता गरी आवश्यक परे साइबर ब्युरोसँग समन्वय गरेर अनुसन्धान गर्ने व्यवस्था रहेको छ। उनीहरूका अनुसार डिजिटल कारोबार सुरक्षित बनाउन प्रविधिसँगै नागरिकको सचेतना बढाउनु अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो।

# ढिलासुस्तीले खोटाङका दुई सडक कालोपत्र योजना अधुरै

**खोटाङ।**
निर्माण व्यवसायीले समयमा काम नगर्दा खोटाङका दुई सडकको कालोपत्र योजना अधुरै रहने भएको छ। मध्य पहाडी लोक मार्गअन्तर्गत दिक्तेल–हलेसी सडकको नुनथलाबाट जौबारी–कुभिन्डे–हरमटार हुँदै ऐसेँलुखर्कबजार जोड्ने सडक र सोही खण्डको हुर्लुङबाट जालपा–सप्तेश्वर–बाक्सिलाबजार जोड्ने ग्रामीण सडक कालोपत्र योजना अपुरो हुने भएको हो।

कोशी प्रदेश सरकारबाट विनियोजित बजेमार्फत अस्फाल्ट कालोपत्र गर्ने भनिएको यी दुई सडकको काम कालोपत्र गर्ने चरणमा पुगेपछि अलपत्र परेको छ। दुवै सडकको कालोपत्रको काम यही असार १५ गतेभित्र सक्ने गरी निर्माण कम्पनी बिसी–पिसी–पीकेबी जेभीले भौतिक पूर्वाधार विकास कार्यालय खोटाङमा ठेक्का सम्झौता गरेको थियो।

निर्माण व्यवसायीले सडक कालोपत्र गर्न आवश्यक सामग्री तयार पारे पनि म्याद र मौसमका कारण काम अघि बढ्न नसकेको भौतिक पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख इन्जिनियर विनम दाहालले जानकारी दिए । नुनथला–जौबारी–कुभिन्डे–हरमटा र सडक रु. दुई करोड ३८ लाख ३८ हजारमा दुई हजार २०० मिटर खण्डमा कालोपत्र गर्नेगरी निर्माण व्यवसायीले काम सुरु गरेको थियो। सोही ठेकेदार कम्पनीले हुर्लुङबाट जालपातर्फ दुई हजार ५०० मिटरमा अस्फाल्ट कालोपत्र गर्नेगरी रु. दुई करोड ५३ लाख ५४ हजारमा सम्झौता गरेको थियो । हालसम्म नुनथला–जौबारी–कुभिन्डे–हरमटा र सडकको प्रगति १८ प्रतिशत र जालपा–हुर्लुङ–सप्तेश्वर–बाक्सिला सडकको भौतिक प्रगति १३ प्रतिशतमात्रै भएको कार्यालयले जनाएको छ।

सम्झौताअनुसार ड्रेन, रिटेनिङ वाल, ग्याबिन जाली, सबबेस, कजवे ढलानलगायतका काम गरिसकिएको छ । तर बेस राखेर कालोपत्र गर्ने समयमा निर्माण व्यवसायीले काम अघि बढाउन नसकेको स्थानीयले बताएका छन्। करिब महिना दिनको काम बाँकी रहँदा नियमित वर्षा भइरहेका कारण ठेकेदार कालोपत्र गर्नबाट पछि हटेको कार्यालय प्रमुख दाहालले जानकारी दिए। बेलामा 'बिटुमिन' किनेर ल्याउन नसकिएका कारण कालोपत्रको काम पूरा गर्न नसकिएको निर्माण व्यवसायीका प्रतिनिधिले बताएका छन्।

कालोपत्र हाल्ने चरणमा पुगेपछि कालोपत्र नै नगरी काम छाडिँदा राज्यको रकम खेर जाने अवस्था सृजना भएको हुर्लुङका स्थानीयवासी महन गुरुङले बताए। म्याद थप भए करिब महिना दिनमा कालोपत्र सकिने कार्यालयले जनाएको छ। ठेकेदार कम्पनीले गत वैशाख ३ गते दुवै सडकको कालोपत्र गर्ने कबोलसहित ठेक्का सम्झौता गरेको थियो । सम्झौता गरेको लामो समयसम्म विभिन्न बहानामा निर्माणको काम सुरु नगरी बसेका निर्माण व्यवसायीका प्रतिनिधिले अन्तिममा आएर काम सुरु गरेपनि वर्षाका कारण काम रोकेर हिंडेका हुन्। कार्यालय तथा स्थानीयको पर्याप्त सहयोग हुँदाहुँदै दुवै सडक कालोपत्र नगरी निर्माण व्यवसायी निर्माण स्थल छाडेर हिंडेपछि स्थानीय आक्रोशित बनेका छन्। दश स्थानीय तह रहेको जिल्लामा मध्य पहाडी लोक मार्गबाहेक अन्य ग्रामीण सडक अहिलेसम्म कालोपत्र भएका छैनन् । निर्माण व्यवसायीले सडक कालोपत्रका लागि निर्माण स्थलमा ल्याएका निर्माण सामग्रीसमेत निर्माण स्थलमै छाडेर हिंडेपछि यातायात सञ्चालनमा समस्या भएको यातायात व्यवसायीले बताएका छन्। रासस

# ‘च्यातिएका पानाहरू’ लाई नारायणी वाङ्गमय कृति सम्मान



**मधेशदृष्टि**
**वीरगंज।**
आदिकवि भानुभक्त आचार्यको २१३औँ जन्मजयन्तीको अवसरमा नारायणी वाङ्गमय प्रतिष्ठान र लक्ष्मी साहित्य समाजको संयुक्त आयोजनामा आयोजित विशेष समारोहमा यस वर्षको ‘नारायणी वाङ्गमय कृति सम्मान’ साहित्यकार विनयराज गौतमको कथासङ्ग्रह ‘च्यातिएका पानाहरू’ लाई प्रदान गरिएको छ। २०८२ सालभित्र मधेश प्रदेशका आठ जिल्लाका साथै साविक नारायणी अञ्चलअन्तर्गत मकवानपुर र चितवनका स्रष्टाहरूले प्रकाशित गरेका साहित्यिक कृतिमध्ये उत्कृष्ट ठहरिएको उक्त कथासङ्ग्रहका लागि गौतमलाई नगद २५ हजार रुपैयाँ, दोसल्ला तथा ताम्रपत्रसहित सम्मान गरिएको हो। प्रतिष्ठानका अध्यक्ष डा. विश्वम्भरकुमार शर्मा तथा वरिष्ठ समालोचक एवं भानु प्रतिष्ठानका पूर्वअध्यक्ष प्रा.डा. व्रतराज आचार्यले संयुक्त रूपमा सम्मान हस्तान्तरण गरेका थिए। समारोहलाई सम्बोधन गर्दै प्रा.डा. आचार्यले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषा र साहित्यको विकासमा पुर्‍याएको ऐतिहासिक योगदानको स्मरण गर्दै भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवद्र्धनका लागि सबै सरोकारवाला एकजुट भएर सक्रिय हुनुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा साहित्यकार गणेशप्रसाद लाठ, भाषा आयोगका पूर्वसदस्य गोपाल अश्क, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम तथा ज्ञानदा एकेडेमीका कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

यस अवसरमा मधेश विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्य, प्रतिष्ठानका सल्लाहकार जगदीश शर्मा र श्याम पोख्रेल, ज्येष्ठ नागरिक संघ पर्साका अध्यक्ष इ. बैजनाथप्रसाद कोइरीलगायत साहित्यकार, शिक्षाविद्, समाजसेवी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको प्रतिष्ठानका सचिव महेशचन्द्र गौतमले जानकारी दिए।

समारोहमा गौतम स्कुल, नवदीप एकेडेमी, वीरगंज पब्लिक कलेज (बीपीसी), सिद्धार्थ इन्टरनेशनल कलेज तथा ज्ञानदा एकेडेमीका शिक्षक तथा विद्यार्थीहरूको पनि उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा प्रतिष्ठानकी सदस्य गीता भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने सञ्चालन सदस्य सूर्य शुभचिन्तकले गरेका थिए।

# दुई शाखा बन्द भएपछि एनआईसी एशिया बैंकका सेवाग्राही मुख्य शाखामा ठेलमठेल, बैंकिङ सेवा प्रभावित

**मधेशदृष्टि**
**वीरगंज।**
एनआईसी एशिया बैंकले वीरगञ्जस्थित लिंकरोड र पावरहाउस शाखा बन्द गरेपछि दैनिक बैंकिङ सेवा लिन सेवाग्राहीहरूले चर्को सास्ती व्यहोर्नुपरेको गुनासो गरेका छन्। दुवै शाखाका ग्राहकलाई मुख्य वीरगंज शाखाबाट मात्र सेवा लिनुपर्ने अवस्था सिर्जना भएपछि त्यहाँ अत्यधिक भिडभाड बढेको छ। सेवाग्राहीका अनुसार सामान्य निक्षेप जम्मा गर्ने, रकम झिक्ने वा अन्य बैंकिङ कारोबारका लागि समेत घण्टौंसम्म लाइनमा बस्नुपर्ने बाध्यता छ। दैनिक सेवामा बढ्दो चापका कारण समयमै कारोबार



गर्न कठिन भएको उनीहरूको भनाइ छ। मुख्य शाखामा पर्याप्त सेवा काउन्टर तथा प्रभावकारी वैकल्पिक व्यवस्था नहुँदा समस्या झन् जटिल बनेको सेवाग्राहीहरूले बताएका छन्। भीड व्यवस्थापन कमजोर हुँदा बैंकिङ सेवा अपेक्षाअनुसार सहज हुन नसकेको उनीहरूको गुनासो छ। बैंकको एटीएम सेवाप्रति पनि सेवाग्राहीहरूले असन्तुष्टि जनाएका छन्। शाखा बन्द भएसँगै पावरहाउस, लिंकरोडस्थित एटीएम सञ्चालनमा नरहेको तथा बसपार्क एवं माईस्थानस्थित एटीएमसमेत नियमित रूपमा सञ्चालन नहुँदा नगद झिक्न अतिरिक्त सास्ती खेप्नुपरेको उनीहरूको भनाइ छ।

सेवाग्राहीहरूले बैंक व्यवस्थापनसँग शाखा बन्दबाट उत्पन्न समस्याको तत्काल समाधान खोज्न, वैकल्पिक सेवा केन्द्रको व्यवस्था गर्न, एटीएम सेवा नियमित र भरपर्दो बनाउन तथा मुख्य शाखामा बढेको सेवाग्राहीको चाप व्यवस्थापन गर्न आवश्यक जनशक्ति र सेवा काउन्टर थप्न आग्रह गरेका छन्।

# नेशनल मेडिकल कलेजः विद्यार्थीहरुको सम्मान एवं स्वास्थ्य सेवा सहकार्य सम्झौता

**मधेशदृष्टि**
**वीरगंज।**
नेशनल मेडिकल कलेज,वीरगंजमा बी.एस्सी. नर्सिङ १४औँ ब्याचका विद्यार्थीहरूको सम्मानमा तथा बिदाई कार्यक्रम सोमवार सम्पन्न भएको छ। कलेजका नर्सिङ निर्देशक प्राध्यापक गंगा गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथी सो कलेजका अध्यक्ष प्रा. डा. जैनुद्दिन अन्सारी रहेका थिए।

प्रबन्ध निर्देशक शाहनवाज अन्सारीको विशेष आतिथ्य रहेको सम्मान तथा विदाई समारोहमा प्रिन्सिपल प्रा. डा. के.एन. सिंह, एडमिशन तथा मार्केटिङ डाइरेक्टर आबिद हुसेन अन्सारी, अस्पतालका निर्देशक डा. इशरत जहान, नर्सिङ क्याम्पसकी भाइस–प्रिन्सिपल प्रा. डा. बबिता सिंह तथा मेट्रोन विकास कुमार लगायतको उपस्थिति थियो।



समारोहमा प्रमुख अतिथि तथा विशेष अतिथिद्वारा स्नातक विद्यार्थीहरूलाई खादा तथा मायाको चिनो प्रदान गरी आगामी व्यावसायिक जीवनका लागि शुभकामना व्यक्त गरिएको थियो। सो अवसरमा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गर्नुका साथै विशेष भिडियो प्रस्तुति मार्फत कलेजमा बिताएका अविस्मरणीय क्षणहरूलाई स्मरण गरेका थिए।

यसैविच नेशनल मेडिकल कलेज प्रा.लि., वीरगंज, नेपाल र नयी दिशा एजुकेशनल सोसाइटी (भारत) बीच स्वास्थ्य सेवा सहकार्य सम्बन्धी सम्झौता सम्पन्न भएको छ। सम्झौतापत्रमा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारी तथा नयी दिशा एजुकेशनल सोसाइटी (भारत) का सचिव सुरेन्द्र कुमार सिंहले हस्ताक्षर गरेका छन्। सम्झौताको उद्देश्य नयी दिशा एजुकेशनल सोसाइटी (भारत) का बोर्ड सदस्य, कर्मचारी, समुदायका सदस्य तथा कर्मचारीका प्रत्यक्ष आश्रित परिवारजनलाई गुणस्तरीय, सहज तथा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउनु रहेको छ।

सम्झौताअनुसार लाभार्थीहरूले नेशनल मेडिकल कलेजमा ओपीडी टिकट, बेड, शल्यक्रिया, प्याथोलोजी परीक्षण, सिटी स्क्यान, एमआरआई, एक्स–रे, ईसीजी, ईको, टीएमटी तथा औषधि सेवासहित विभिन्न स्वास्थ्य सेवामा विशेष छुट प्राप्त गर्ने भएका छन्। यसका साथै, आवश्यकताअनुसार विशेष स्वास्थ्य परीक्षण, नगदरहित बीमा सेवाको सहजीकरण तथा नियमित स्वास्थ्य सेवामा प्राथमिकता प्रदान गरिने सम्झौता पत्रमा उल्लेख छ।

उक्त सहकार्यअन्तर्गत प्रत्येक तीन महिनामा निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, आवश्यकता अनुसार स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गर्ने तथा दुवै संस्थाबीच संयुक्त स्वास्थ्य तथा सामाजिक गतिविधिहरू सञ्चालन गर्ने सहमति भएको छ।

सम्झौताले नयी दिशा एजुकेशनल सोसाइटी (भारत) का सदस्य तथा परिवारजनलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउनुका साथै नेपाल–भारतबीच स्वास्थ्य सेवामा संस्थागत सहकार्यलाई थप सुदृढ बनाउने विश्वास कलेजको छ।

सम्झौता कार्यक्रममा नेशनल मेडिकल कलेजका प्रमुख सूचना अधिकृत ईञ्जीनियर प्रदीपकुमार चौधरी, मार्केटिङ म्यानेजर जितेश चन्द्र दास, वरिष्ठ प्रशासन अधिकृत विश्वनाथ कण्ठ तथा प्रशासन अधिकृत पप्पु सिंह तथा नयी दिशा एजुकेशनल सोसाइटी (भारत) का पदाधिकारीहरूको उपस्थिति थियो।

# पर्सासहित ४ जिल्लामा थ्रिजी सेवा बन्द

**मधेशदृष्टि**
**वीरगंज।**
दूरसञ्चार सेवा प्रदायक एनसेलले आफ्नो नेटवर्कलाई आधुनिक प्रविधिमा स्तरोन्नति गर्ने योजनाअनुसार सोमबारदेखि पर्सासहित मुलुकका चार जिल्लाका ३५ स्थानीय तहमा थ्रीजी सेवा बन्द गरेको छ।




कम्पनीका अनुसार अब ती क्षेत्रमा फोरजी नेटवर्कलाई थप सुदृढ बनाउँदै ‘भ्वाइस ओभर लङ्ग टर्म इभोलुसन’ (भोल्टे) प्रविधिमार्फत अझ स्पष्ट भ्वाइस कल र उच्च गुणस्तरको मोबाइल ब्रोडब्यान्ड सेवा उपलब्ध गराइनेछ। यो चरणमा पर्सा, इलाम, पाँचथर र दाङ जिल्लाका विभिन्न स्थानीय तहमा रहेका २१५ भन्दा बढी टावरमा थ्रीजी सेवा बन्द गरिएको एनसेलले जनाएको छ।

कम्पनीले देशभर चरणबद्ध रूपमा थ्रीजी सेवा विस्थापित गर्दै फोरजीमा आधारित सेवा विस्तार गर्ने नीति कार्यान्वयन गरिरहेको छ। थ्रीजी सेवा बन्द भएसँगै थ्रीजी प्रयोग गरिरहेका ग्राहकले गुणस्तरीय सेवा लिन फोरजीमा अपग्रेड हुनुपर्नेछ। फोरजी चल्ने मोबाइल फोन, फोरजी सक्षम सिमकार्ड तथा मोबाइलको सेटिङमा भोल्टे सुविधा सक्रिय गरेपछि ग्राहकले उच्च गुणस्तरको भ्वाइस कल र तीव्र गतिको डेटा सेवा प्रयोग गर्न सक्नेछन्।

एनसेलका अनुसार हाल देशको करिब ९५ प्रतिशत जनसंख्या फोरजी सेवाको पहुँचमा पुगेको छ। थ्रीजी बन्द गर्नु पुरानो प्रविधिलाई विस्थापित गर्दै आधुनिक नेटवर्क विस्तार गर्ने दीर्घकालीन योजनाको हिस्सा भएको कम्पनीले जनाएको हो। कम्पनीले सम्बन्धित क्षेत्रका ग्राहकलाई समयमै फोरजी र भोल्टे सेवामा अपग्रेड हुन आग्रह गर्दै यसबाट अतिरिक्त शुल्कबिना अझ उत्कृष्ट कनेक्टिभिटीको अनुभव प्राप्त हुने जनाएको छ।

# वर्षाले धान रोपाइँमा जुटेका किसान उत्साहित



**मधेशदृष्टि**
**वीरगंज।**
गएरातिदेखि परेको वर्षाले धान रोपाइँमा जुटेका किसानहरू उत्साहित बनेका छन्। पर्याप्त वर्षा भएपछि खेतमा रोपाइँको चटारो बढेको छ भने कृषकहरूले समयमै रोपाइँ गर्न सहज भएको बताएका छन्।

पर्सा, बारा लगायत मधेशका अधिकाँश जिल्लाहरूमा सोमबार विहानैदेखि किसान खेत रोपाईमा व्यस्त देखिएको हाम्रा स्थानीय सम्बाददाताहरूले जानकारी गराएका छन्। अर्कोतर्फ, निरन्तर वर्षाका कारण वीरगंज महानगरपालिकाका नागवा, इनर्वा, मुर्ली, श्रीपुर, आदर्शनगर तथा बजार क्षेत्रलगायत विभिन्न स्थानमा सडक र बस्ती जलमग्न हुँदा जनजीवन प्रभावित भएको छ।

डुबानका कारण स्थानीयवासीलाई आवतजावत गर्न कठिनाइ भएको छ। सडक विभागले सुरु गरेको सीमा सुरक्षा अभियान अन्तर्गत भत्काइएका भग्नावशेषहरूका कारण वीरगंज महानगरका अधिकांश नाला जाम भएकाले वर्षाको पानी सहज रूपमा निकास हुन नसकी सडकमा पानी जमेको वीरगंजबासीको भनाई छ।

स्थानीयवासीले डुबानको दीर्घकालीन समाधानका लागि प्रभावकारी पानी निकास प्रणाली निर्माण गर्न, अवरुद्ध नालाको तत्काल सरसफाइ गर्न तथा सम्बन्धित निकायले आवश्यक पहल गर्न माग गरेका छन्।

# लागुऔषधविरुद्ध जनचेतना अभियान




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल–भारत मैत्री युवा संघ, पर्सा नेपालको आयोजनामा वीरगंज महानगरपालिका–स्थित टाउन हल प्राङ्गणमा लागुऔषधविरुद्ध जनचेतना अभियान कार्यक्रम सम्पन्न भएको छ। संघका अध्यक्ष शैलेन्द्र प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल–भारत मैत्री युवा संघका राष्ट्रिय अध्यक्ष महेन्द्र राय यादव प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री सुरेन्द्र प्रसाद चौधरी, भारतको महावाणिज्य दूतावास वीरगंजका बाणिज्य दुत देवी सहाय मीना, मधेश प्रदेशका पूर्वमन्त्री जनार्दन सिंह क्षेत्री लगायत विभिन्न सामाजिक, राजनीतिक तथा युवासम्बद्ध व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा वक्ताहरूले लागुऔषध दुव्र्यसन समाजका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्दै युवापुस्तालाई यसबाट टाढा राख्न परिवार, विद्यालय, समुदाय तथा सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको धारणा राखेका थिए। उनीहरूले जनचेतनामूलक अभियानलाई निरन्तर सञ्चालन गर्नुपर्नेमा पनि जोड दिएका छन्।

आयोजकका अनुसार अभियानको उद्देश्य युवामाझ लागुऔषधको दुष्प्रभावबारे सचेतना फैलाउनु, सामाजिक उत्तरदायित्वप्रति जागरुक बनाउनु तथा स्वस्थ र सभ्य समाज निर्माणमा सबै पक्षलाई एकजुट गराउनु रहेको छ।

# महोत्तरीको भंगहामा कष्टम हायरिङ सेन्टर सञ्चालन

**मधेशदृष्टि**
**महोत्तरी।**
कृषिमा यान्त्रीकीकरणलाई प्रवद्र्धन गर्दै उत्पादन लागत घटाउने उद्देश्यले महोत्तरीको भंगहा नगरपालिकामा कष्टम हायरिङ सेन्टर सञ्चालनमा आएको छ। आधुनिक कृषि उपकरण भाडामा उपलब्ध गराएर किसानलाई सहज सेवा दिने लक्ष्यसहित केन्द्र स्थापना गरिएको हो।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत परियोजना कार्यान्वयन इकाई धनुषाको ५० प्रतिशत अनुदान र कृषक समूहको ५० प्रतिशत लगानी गरी ५८ लाख २३ हजार रुपैयाँको लागतमा सेन्टर स्थापना गरिएको हो।



भंगहा नगरपालिका–४ रामनगरस्थित पञ्चधुरा महिला कृषक समूहले केन्द्र सञ्चालन गर्नेछ।

२५ जना महिलाको सहभागिता रहेको उक्त समूहकी अध्यक्ष पुनिता कुमारी महतोका अनुसार सेन्टरमार्फत समूहका सदस्यले करिब ५० बिघा खेतीयोग्य जमिनमा आधुनिक उपकरण प्रयोग गरी खेती गर्न सक्नेछन्। साथै, नगरपालिकाभित्रका अन्य किसानलाई पनि सहुलियत दरमा उपकरण उपलब्ध गराइनेछ।

वडाध्यक्ष गणेश कुमार महतोले सेन्टर सञ्चालनसँगै सयौं बिघा जमिनमा आधुनिक प्रविधिबाट खेती विस्तार हुने र समयमै खेतीपाती सम्पन्न गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

परियोजनाका कृषि अधिकृत राकेश कुमार यादवका अनुसार ग्रामीण क्षेत्रमा कृषि मजदुरको अभाव र वैदेशिक रोजगारीका कारण खेतीपाती प्रभावित भइरहेका बेला यस्ता उपकरणले समय, श्रम र उत्पादन लागत घटाउन महत्वपूर्ण भूमिका खेल्नेछन्।

परियोजनाका प्रमुख रामसोगारथ साहले सेन्टरमा दुई ट्र्याक्टर, दुई थ्रेसर, दुई रोटाभेटर, दुई रिपर, दुई चाफ कटर, एक लेभलर, दुई कल्टिभेटर र एक टिलर उपलब्ध रहेको जानकारी दिए। आवश्यकताअनुसार किसानले ती उपकरण भाडामा लिएर प्रयोग गर्न सक्ने व्यवस्था गरिएको उनले बताए।

उद्घाटन कार्यक्रममा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सजय कुमार यादवले कृषि आधुनिकीकरणका लागि कष्टम हायरिङ सेन्टर प्रभावकारी माध्यम भएको उल्लेख गर्दै यस्ता केन्द्र प्रदेशका अन्य स्थानीय तहमा पनि विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए।

## सम्पादकीय

# मधेशमा बाढीपहिरोको त्रास र चुनौती

मधेश क्षेत्रमा निरन्तर परिरहेको भारी वर्षाका कारण बाढी र पहिरोको त्रास बढेर गएको छ । यो प्राकृतिक विपत्ति मधेशका जनजीवनमा पहिलेदेखि नै गम्भीर असर पार्दै आएको थियो, तर हाल यहाँका ग्रामीण बस्तीहरू डुबानमा पर्न सुरु गरेका छन्, जसले विपन्न र सीमान्तकृत नागरिकहरूको जिवनलाई थप असुरक्षित बनाएको छ । मौसमविद्हरूका अनुसार यो मनसुनको अवधि लामो र तीव्र हुन सक्ने अनुमान गरिएकाले, यसले आसन्न भविष्यमा थप क्षतिको आशंका उत्पन्न गरेको छ।

यस विपत्तिको पहिलो र प्रमुख असर पूर्वाधारमा देखिएको छ । मधेशका प्रमुख राजमार्गहरू बगिरहेका छन्, जसले गर्दा यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ । राजमार्ग अवरुद्ध हुँदा अत्यावश्यक वस्तुहरू, स्वास्थ्य सामग्री, र राहत प्याकेजहरू प्रभावित क्षेत्रमा पुग्न नसकिरहेको अवस्था छ। यो यातायातको अवरोधले न केवल दैनिक जिवनयापनलाई कठिन बनाएको छ, तर आपतकालीन उद्धार कार्यमा पनि ठूलो अवरोध सिर्जना गरेको छ।

ग्रामीण क्षेत्रहरूमा डुबान बढ्दै जाँदा हजारौं परिवारहरू विस्थापित भएका छन् । सुरक्षित ठाउँको खोजीमा मानिसहरू सडकमा वा छिमेकी गाउँहरूमा आश्रय लिने बाध्यतामा परेका छन् । बालीनाली पुरै नष्ट भएको छ, जसले गर्दा यस क्षेत्रका किसानहरूको आजीवनमा ठूलो असर पर्ने पक्का छ। पानीजन्य रोगहरू फैलिने खतरा बढेको छ, र अशुद्ध खानेपानीको समस्याले स्वास्थ्य प्रणालीलाई थप चुनौती प्रदान गरिरहेको छ।

यस विपत्तिको बीचमा अर्को गम्भीर समस्या भनेको सर्पको बिगबिगी हो। पानीको तह बढ्दै जाँदा सर्पहरू आफ्नो गुफा र बासस्थान गुमाएर बाहिर निस्किएका छन् । डुबान परेका घरहरू, पोल्ट्री फार्म, र मानव बस्तीमा सर्प प्रवेश गर्ने घटनाहरू बढेका छन्। यसले डुबानबाट पीडित भएर पनि विस्थापित जनतालाई निद्राभरि चिन्ता र त्रासको वातावरण सिर्जना गरेको छ । सर्पदंशका घटनाहरू पनि बढ्दै गएका छन्, जसलाई तत्काल रोक्न आवश्यक छ।

यस प्राकृतिक विपत्तिबाट मधेशका जनतालाई तत्काल राहत र सुरक्षा प्रदान गर्न सरकार, स्थानीय तह, र सरोकारवाला सबै निकायहरूले सामूहिक प्रयास गर्नुपर्छ । पूर्वतयारी, समयमै राहत वितरण, र यातायात सुचारु गर्न विशेष पहल आवश्यक छ । साथै, सर्पदंश रोकथाम र उपचारका लागि चेतनामूलक कार्यक्रम र आवश्यक चिकित्सकीय सेवाको सुनिश्चितता गर्नुपर्छ । हामी सबैले यो कठिन समयमा एकअर्कालाई सहयोग गर्दै, मधेशका जनतालाई यो बाढीपहिरोको त्रासबाट जोगाउन सक्दो प्रयास गर्नुपर्छ।

# आरोग्य जीवन राष्ट्रिय अभियानको सान्दर्भिकता



–डिल्लीराज पौडेल

रोग लागेपछि उपचार गर्नु मात्र पर्याप्त हो वा रोगको जोखिम न्यूनीकरण गर्ने स्वस्थ जीवनशैली निर्माण गर्नु अझ ठूलो राष्ट्रिय जिम्मेवारी हो ? आजको सार्वजनिक स्वास्थ्य बहसको केन्द्रमा यही प्रश्न रहेको छ । स्वास्थ्य प्रणालीको सफलतालाई अब केवल अस्पताल, औषधि, उपचार सेवा वा स्वास्थ्य पूर्वाधारको विस्तारबाट मात्र मापन गर्न सकिँदैन । नागरिकले कति स्वस्थ, सचेत, जिम्मेवार तथा उत्पादनशील जीवन बिताइरहेका छन् भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण भएको छ । त्यसैले विश्वव्यापी रूपमा स्वास्थ्यको केन्द्रविन्दु उपचारमुखी सोचबाट क्रमशः रोकथाम, स्वास्थ्य प्रवद्र्धन तथा समग्र आरोग्यतर्फ रूपान्तरण हुँदै गएको छ।

यस परिवर्तित सन्दर्भमा नेपालका लागि पनि आरोग्यलाई राष्ट्रिय विकासको आधारका रूपमा पुनःस्थापित गर्ने महत्वपूर्ण अवसर सृजना भएको छ । स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । त्यसैले स्वास्थ्यलाई केवल रोगको उपचारसँग सीमित नराखी नागरिकको जीवनशैली, मानसिक सन्तुलन, पोषण, सामाजिक व्यवहार, वातावरण तथा जीवनपद्धतिसँग जोडेर हेर्ने दृष्टिकोण सुदृढ हुँदै गएको छ । यही सोचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई राष्ट्रिय जनचेतना, स्वस्थ जीवनशैली तथा रोकथाममुखी सार्वजनिक स्वास्थ्यको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ। यसले नेपालका लागि अर्को महत्वपूर्ण अवसर पनि सृजना भएको छ।

संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको छ। यस घोषणाले आरोग्यलाई व्यक्तिगत जीवनशैलीको विषय मात्र नभई रोकथाममुखी सार्वजनिक स्वास्थ्य, मानसिक सुदृढता, सामाजिक कल्याण तथा दिगो विकाससँग जोडिएको विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गरेको छ। नेपालका लागि यो अन्तरराष्ट्रिय मान्यता केवल कूटनीतिक उपलब्धि मात्र होइन, आरोग्यमुखी जीवनशैली, सार्वजनिक स्वास्थ्य प्रवद्र्धन, आरोग्य कूटनीति, वेलनेस पर्यटन, आध्यात्मिक पर्यटन तथा मानव केन्द्रित विकासलाई राष्ट्रिय नीतिसँग एकीकृत गर्ने ऐतिहासिक अवसर पनि हो।

आधुनिक चिकित्सा विज्ञान मानव सभ्यताको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक हो। रोग पहिचान, निदान, शल्यक्रिया, औषधि, खोप, सघन उपचार तथा स्वास्थ्य प्रविधिमा भएको उल्लेखनीय प्रगतिले करोडौँ मानिसको जीवन बचाएको छ, औसत आयु बढाएको छ तथा जटिल रोगहरूको प्रभावकारी उपचार सम्भव बनाएको छ।

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेका बेला पनि गैरसङ्क्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्र रूपमा बढिरहेका छन्। यसले स्पष्ट रूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवद्र्धनलाई समान प्राथमिकता दिनुपर्दछ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसङ्क्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो । नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ। असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन् । यी तथ्याङ्कहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा औँल्याउँछन्।

मानसिक स्वास्थ्यको अवस्था झन गम्भीर बन्दै गएको छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए, अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए। उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन्।

विशेषगरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ। त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अङ्गका रूपमा समेटिनुपर्दछ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ । श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुनःस्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन्। त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिक मात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो। त्यसैले स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन। शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ । सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ । यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ।

नेपालका सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ। बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेका छन् । त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ। विश्वव्यापी रूपमा पनि आरोग्यमुखी सोच तीव्र रूपमा विस्तार भइरहेको छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ । यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ । नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो। हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन् । साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैँमा आरोग्यमुखी जीवनशैलीका महत्वपूर्ण आधार हुन्। यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तरराष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवद्र्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ।

आरोग्य भनेको रोगको अनुपस्थिति मात्र होइन। यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबीचको सन्तुलित अवस्था हो । त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरु आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो। उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ, जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ। भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवद्र्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ । यही दृष्टिकोणलाई विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्रवद्र्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत जोड दिएको छ। यसको सार के हो भने स्वास्थ्य मन्त्रालयले मात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, सहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आफ्ना नीति र कार्यक्रममार्फत नागरिकको आरोग्य प्रवद्र्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो। नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुनेछ।

विश्व स्वास्थ्य सङ्गठनले स्वस्थ बुढ्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ। नेपाल पनि क्रमशः वृद्धजनको सङ्ख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुढ्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ। नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछन्।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ । सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक सङ्गठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन्। विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रभावका बीच गलत सूचना तथा छद्मवैज्ञानिक स्वास्थ्य दाबीबाट नागरिकलाई जोगाउनु आजको महत्वपूर्ण दायित्व हो।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसङ्घका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ। स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्वपूर्ण उत्पादनशील पुँजी हो । रोकथाममुखी सार्वजनिक स्वास्थ्य प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ । यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ । 'औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम' भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रूपान्तरण हुनुपर्दछ। जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ, तब मात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुनेछ।

अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको सङ्ख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन। त्यसको वास्तविक मापन स्वस्थ, सचेत, नैतिक, अनुशासित, उत्पादनशील तथा सिर्जनशील नागरिकबाट हुन्छ। उपचार सधैँ अपरिहार्य रहनेछ, तर उपचारलाई मात्र स्वास्थ्यको पर्याय मान्ने सोच अब पर्याप्त छैन। भविष्यको समृद्ध नेपाल निर्माणका लागि उपचार र आरोग्यबीच सन्तुलित समन्वय स्थापित गर्दै रोकथाममुखी, मानव केन्द्रित तथा दिगो सार्वजनिक स्वास्थ्य प्रणाली निर्माण गर्नु समयको अपरिहार्य आवश्यकता हो । यही दृष्टिले आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ केवल स्वास्थ्य क्षेत्रको कार्यक्रम होइन; यो स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको साझा राष्ट्रिय अभियान हो । उपचार र रोकथामबीचको सन्तुलित समन्वयमार्फत आरोग्यमुखी संस्कृतिको विकास गर्न सकियो भने नेपालले स्वास्थ्यलाई विकासको केन्द्रमा स्थापित गर्दै समावेशी, दिगो र समुन्नत राष्ट्र निर्माणतर्फ ऐतिहासिक फड्को मार्न सक्नेछ। रासस

## हात्तीको स्वभावमा बहस:

# 'रिस र प्रतिशोध राख्नसक्छ'

नारायण अधिकारी/रासस

बोटे परिवारका चार जनाको चितवन राष्ट्रिय निकुञ्जको जङ्गली धुर्वे हात्तीको आक्रमणबाट अकालमा निधन भएपछि हात्तीको स्वभावका विषयमा बहस थालिएको छ । विज्ञहरुले हात्तीले रिस साँध्ने भए पुस्तौँसम्म रिस साँध्छ भन्ने विषयमा भने उनीहरु स्पष्ट छैनन् । हात्तीले रिस साँध्ने र वैमनश्यता राख्ने भए पनि यो कति समयसम्म रहन्छ भन्ने यकिन हुन सकेको छैन।

ध्रुवेले गत शनिबार राति भरतपुर महानगरपालिका–२३ मा आमा छोराको ज्यान लिएको थियो। शनिबार राति घरमै बसिरहेका बेला अचानक जङ्गलबाट आएको ध्रुवेले २१ वर्षीया आशिका बोटे र चार वर्षीय छोरा भरत बोटेको अकालमा मृत्यु थियो । हात्ती धपाउन आशिकाका श्रीमान् पुनु बोटेले आगो बाल्न खोज्दा घर नै जलेर नस्ट समेत भएको थियो।

पुनु बोटेका हजुरबा र हजुरआमालाई यही ध्रुवे हात्तीले २०६९ सालमा माडीको द्रौपतीनगरमा यसरी नै आक्रमण गरेर मारेको थियो। केराबारीको बीचमा खरको सानो घर भएका बोटे दम्पतीको ध्रुवेले आक्रमण गरी मारेको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ । एकापरिवारका चार जनाको १४ वर्षको फरकमा ज्यान लिएपछि हात्तीले प्रतिशोध लिएको त होइन भन्ने प्रश्न उब्जिएको हो।

हात्तीका विषयमा विद्यावारिधि गर्नुभएका बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. अशोक राम हात्तीले आफूप्रति नकारात्मक मानिस पहिचान गरेर आक्रमण गर्ने गरेको बताउँछन्। उनले भने, 'हात्ती अत्यन्तै बुद्धिमान प्राणी भएकाले आफूलाई चोट पुऱ्याउने वा नकारात्मक व्यवहार गर्ने व्यक्तिलाई चिन्न सक्छ।' उन हात्तीले 'इगो' वा 'रिस' राख्न सक्ने व्यवहार देखाए पनि त्यसलाई पुस्तान्तरण हुने वैमनश्यताको रूपमा व्याख्या गर्न नमिल्ने बताउँछन्।

उनले हात्तीलाई कसैले ढुङ्गा हाने, दुःख दियो वा सतायो भने उसले त्यही व्यक्तिलाई लक्ष्य बनाएर आक्रमण गर्न सक्ने बताउँदै भने, 'तर एउटा पुस्तापछि अर्को पुस्तालाई त्यही कारणले आक्रमण गर्छ भन्ने आधार छैन । यस्तो सम्बन्ध पुष्टि गर्ने प्रमाण भेटिएको छैन ।' राम हात्तीले मानिसको व्यवहार र भावनासमेत बुझ्न सक्ने क्षमता राख्ने बताउँछन्। निकुञ्जमा लामो अनुभवसँगै अध्ययन गर्नुभएका रामले भने, 'त्यसैले नकारात्मक व्यवहार गर्ने व्यक्तिलाई पहिचान गरेर प्रतिक्रिया दिन सक्ने सम्भावना रहन्छ।'

उनले निकुञ्जमा भएको एउटा घटनाको उदाहरण दिँदै भने, 'एक जना गेम स्काउटले हात्तीलाई ढुङ्गा हानेका थिए। त्यसको भोलिपल्ट हात्ती आएर उसैको कोठा खोज्दै झ्याल फुटाउने, सामान फाल्ने काम गऱ्यो, अरूलाई भने केही गरेन ।' यसले हात्तीले आफूलाई दुःख दिने व्यक्तिलाई सम्झन सक्ने देखाएको उन बताउँछन् । हात्तीले दुःख दिएपछि क्षमा पूजा गरिएको जनाउँदै उनले त्यसपछि मात्रै उक्त व्यक्ति बसेको कोठामा हात्ती आउन छाडेको बताए। हात्तीले आफू नजिक रहेको व्यक्तिले आफूप्रति कस्तो सोचेको छ भन्नेबारेमा बुझ्न सक्ने क्षमता भएकाले यसलाई गणेशको रुपमा समेत पूजा गर्ने गरिएको उनले बताए।

राष्ट्रिय निकुञ्जहरुमा प्रमुख संरक्षण अधिकृतको रुपमा लामो समय अनुभव संगालेका हात्तीविज्ञ डा. नरेन्द्रमानबाबु प्रधान पनि हात्तीले रिस राख्न सक्ने सम्भावना स्वीकार गर्छन् । केही घटनाले त्यस्तो सङ्केत गरे पनि सीमित घटनाका आधारमा निश्चित निष्कर्ष निकाल्न नसकिने उनको भनाई छ। हात्तीले रिस संगाल्ने भए पनि लामो समय रिस राख्ने कुरामा एकिन गर्न नसकिएको उनको भनाई छ । उनले अगाडि भने, 'हात्तीले रिस साँध्न सक्छ भन्ने देखिन्छ। तर कुनै एउटा घटनालाई आधार बनाएर १४ वर्षपछि पनि त्यही परिवारमाथि आक्रमण गऱ्यो भनेर ठोकुवा गर्न गाह्रो हुन्छ,।'

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुन हात्तीको स्मरण शक्ति बलियो हुने भएकाले आफूलाई दुःख दिने व्यक्तिप्रति रिस राख्ने व्यवहार देखाउने गरेको बताउँछन् । उनले माउतेमाथि हात्तीले गरेको आक्रमणका घटना चितवन, बर्दियालगायतका स्थानमा भएको उल्लेख गरे। उनले भने, 'हात्तीले बाटो, स्थान र व्यक्तिसमेत सम्झने क्षमता राख्छ। त्यसैले रिसको व्यवहार देखिन सक्छ । तर एउटै परिवारका पुस्तामाथि आक्रमण गर्नुको कारण यही हो भनेर भन्न सकिने अवस्था छैन।' हात्ती हिँडडुल गरिरहने क्षेत्रमा घर भएका कारण पनि ती क्षेत्रहरुमा हात्तीको आक्रमण भइरहेको उनको भनाइ छ । बोटे परिवारको माडी र भरतपुरको बेलहठ्ठामा भएका दुवै घर हात्ती हिँड्ने क्षेत्रमा पर्ने भएकाले संयोग भएको हुन सक्ने उनी बताउँछन् । यद्यपि आफूलाई हानि पुऱ्याउन खोज्ने मानिसलाई आक्रमण हात्तीले गर्ने उनको भनाइ छ।

हात्ती प्रजनन एवं तालिम केन्द्र सौराहाका प्रमुख मणिपुरण चौधरी हात्ती रिसाहा स्वभावको हुने बताउँछन् । आफ्नो हजुरबा, बुबा, आफू र छोरासमेत हात्ती प्रजनन केन्द्रमा काम गर्दै आएको भन्दै उनले रिस उठेपछि आफ्नै माउतीलाई पनि हात्तीले नछाड्ने गरेको उदाहरण दिए। उनले भने, 'हात्ती रिसाहा स्वभावको हुन्छ, आफूलाई नराम्रो गर्ने व्यक्तिलाई अवसर हेरेर आक्रमण गर्न सक्छ।'

झण्डै १८ वर्ष अघि एउटा घटना स्मरण गर्दै उनले माउते गोदीलाल चौधरीलाई निकुञ्जले पालेको वीरेन्द्रप्रसाद हात्तीले निकुञ्जभित्र आक्रमण गरेर मारेको बताए । यस्ता घटना अधिकांश निकुञ्जमा हुने गरेको भन्दै उनले घरपालुवा हात्तीसमेत रिसाउँदा क्रुर हुने भन्दै जङ्गली हात्ती झनै आक्रामक र रिस साँध्ने बताउँछन्।

च्चा हात्तीमा समेत चर्को रिस हुने उनले बताए। उनले भने, 'तालिम दिने क्रममा पनि सुरुमा निकै रिसाउँछ । फकाएर, समय दिएर मात्र तालिम दिन सकिन्छ । आफूलाई दुःख दिने व्यक्तिलाई भने उसले सम्झेर आक्रमण गर्न सक्छ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मुलुकलाई केन्द्रमा राखेर प्रतिपक्षीको भूमिका निर्वाह गर्छौँः आङ्देम्बे



**काठमाडौँ ।**
नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले मुलुकलाई केन्द्रमा राखेर प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका रूपमा रचनात्मक र सक्रिय भूमिका निर्वाह गर्ने बताएका छन् । पार्टी संसदीय दलको कार्यालयमा आज संसदीय मामिला विषयमा कलम चलाउने पत्रकारहरूसँगको छलफलमा उनले मुलुकलाई केन्द्रमा राखेर सत्तापक्षलाई पनि संसद् र जनताप्रति उत्तरदायी बनाउनेमा सकारात्मक भूमिका निर्वाह गर्ने बताएका छन् ।

संसदीय समितिलाई अनिर्णयको बन्दी बन्न नदिन पनि सबै प्रतिपक्षी दललाई समेटेर कांग्रेस अघि बढ्ने नेता आङ्देम्बेको भनाइ छ । प्रमुख प्रतिपक्षी दलका नाताले सबै विपक्षीलाई समेटेर विमति राख्दै संसद्मा दैनिक कार्यसूची अघि बढाउन पनि सहयोग गरिएको छ ।

संसद्मा प्रश्न राख्ने, प्रस्ताव दर्ता गराउने र समितिको गाम्भीर्यतालाई मनन गरी काम गर्छौं, सत्तापक्षलाई सदन र जनताप्रति उत्तरदायी बनाउनतर्फ सकारात्मक भूमिकामा रहन्छौँ, उनले भने । कांग्रेस प्रमुख सचेतक वासना थापाले संसद्को प्रभावकारिताका लागि दलले यस्ता छलफललाई निरन्तरता दिनुपर्ने धारणा । राखेका छन् । रासस

# प्रधानमन्त्री शाहद्वारा ७ प्रदेशमा 'बर्न' उपचार केन्द्र विस्तार गर्ने निर्देशन



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले सातै प्रदेशमा सुविधा सम्पन्न 'बर्न' उपचार केन्द्र स्थापना गर्ने योजना तत्काल अघि बढाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिसँग भएको छलफलमा उनले प्रमुख सरकारी अस्पतालका बर्न वार्डलाई सुदृढ बनाउन आवश्यक योजना अघि बढाउन पनि निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री शाहले गम्भीर प्रकृतिका जलनका बिरामीले समयमै गुणस्तरीय उपचार पाउने व्यवस्था सुनिश्चित गर्न सङ्घ, प्रदेश र सम्बन्धित स्वास्थ्य संस्थाबिच प्रभावकारी समन्वय गर्नुपर्नेमा जोड दिए । गुणस्तरीय, प्रभावकारी तथा नागरिकमैत्री स्वास्थ्य सेवा सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले अस्पतालमा सरसफाइ, सेवा प्रवाहमा सुधार, डिजिटल प्रविधिको प्रयोग तथा सुशासनको प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिन आग्रह गरे ।

उनले विपन्न, असहाय तथा आर्थिक रूपमा कमजोर नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न निजी अस्पतालले बहिरङ्ग (ओपिडी) सेवाको कम्तीमा १० प्रतिशत सेवा सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिए ।

एउटा स्वास्थ्य संस्थाले विकास गरेका उत्कृष्ट अभ्यास अन्य संस्थाले पनि सिकाइ र साझेदारीका माध्यमबाट अपनाउनुपर्ने सुझाव दिँदै प्रधानमन्त्री शाहले प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणको विषय सम्बन्धित निकायसँग समन्वय गरी कानुनबमोजिम समाधानका लागि पहल गरिने बताए । छलफलका क्रममा उपकुलपतिहरूले चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवा प्रवाहमा सुधार, अस्पतालको सरसफाइ, विशेषज्ञ स्वास्थ्य सेवा विस्तार, दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन, अनुसन्धान प्रवद्र्धन तथा पूर्वाधार विकाससम्बन्धी सुझाव प्रस्तुत गरेका थिए ।

उनीहरूले स्वास्थ्य सेवामा डिजिटल रूपान्तरण, अस्पताल सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन तथा केही प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणका कारण संस्थागत विकासमा परेको प्रभावबारे पनि प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । छलफलमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नवीसमान सिंह प्रधान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा अजयकुमार मिश्र, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नारायणसिंह गुरुङ, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपकुलपति डा. स्मृति काफ्ले तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति विवेक आचार्य सहभागी थिए । रासस

# आदिकविले भाषिक एकतालाई बलियो बनाउनुभयोः सभामुख



**काठमाडौं ।**
सभामुख डोलप्रसाद अर्यालले आदिकवि भानुभक्त आचार्य नेपाली भाषा, साहित्य र संस्कृतिका कवि मात्र नभएर नेपाली आत्माको स्वर भएको बताएका छन् आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्तीका अवसरमा भानु प्रतिष्ठानले सोमबार नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको कार्यक्रममा उनले आचार्य राष्ट्रिय विभूति, नेपाली जातीय चेतनाका प्रतीक र जनताका प्रमुख प्रतिनिधि स्रष्टा भएको उल्लेख गरिन् ।

उनले भनिन्, 'आदिकवि नेपाली चेतनाको आधारशिला र नेपाली भाषाको पहिचान निर्माण गर्ने व्यक्तित्व हुनुहुन्थ्यो । आदिकविका विषयमा खोज अनुसन्धान व्याख्या विश्लेषण र भानु संस्कृति निर्माणमा भानु प्रतिष्ठानको योगदान रहेको छ ।' भानुभक्तले रामायणलाई नेपाली भाषामा अनुवाद गरेर आम नेपालीलाई धर्म, दर्शन, नीति र आदर्शको सहज पहुँच उपलब्ध गराउनुभएको सभामुख अर्यालले बताए ।

'साहित्य केवल विद्वान्का लागि होइन, जनताको हृदयमा बस्ने भाषा हो भनी भानुभक्तले सिद्ध गर्नुभयो, आदिकविको लेखनीले नेपाली भाषालाई घरघरमा पु¥यायो, जनजनमा चेतना जगायो, हाम्रो सांस्कृतिक एकतालाई मजबुत बनायो । नेपालभित्र मात्र होइन नेपाल बाहिर रहेका समस्त नेपालीलाई नेपाली भाषाले नै एकताको सूत्रमा बाँध्ने गरेको छ । भानुभक्तले रामायण दिनुभयो । रामायणसहित नेपाली साहित्यले महाकाव्य पायो । त्यही महाकाव्यको क्रम आजसम्म जीवित छ', उनले भने ।

भानुभक्तलाई आजको दिन सम्झनु मात्र होइन, उनको योगदानलाई आत्मसात् गर्दै नेपाली भाषा र साहित्यलाई अझ समृद्ध बनाउने सङ्कल्प लिनु आवश्यक रहेकामा सभामुख अर्यालले जोड दिए । आधुनिक प्रविधि, विश्वव्यापी प्रतिस्पर्धा र बदलिँदो सामाजिक संरचनाबीच नेपाली भाषा, संस्कृति र पहिचानलाई जोगाउनु र उन्नत बनाउनु सबैको सामूहिक जिम्मेवारी भएको उनले बताए । भानुभक्तले देखाएको मार्ग–सरलता, स्पष्टता, जनतासँगको निकटता आज पनि उत्तिकै सान्दर्भिक रहेको छ । युवापुस्तालाई नेपाली भाषा र साहित्यप्रति आकर्षित गर्नुपर्छ, सिर्जनशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्छ र भानुभक्तको आदर्शलाई समयानुकूल रूपान्तरण गर्दै अघि बढ्नुपर्नेमा सभामुख अर्यालको जोड छ ।

भानुभक्तको सम्मानमा जे जति गरिन्छन् ती सबै नेपाली राष्ट्रियताका पहरेदार कर्म हुन् र नेपाली मौलिकताका परिचायक हुन् ।

कार्यक्रममा साहित्यकार महेश्वर शर्मा र डा आना एम स्टिरलाई उनीहरूले नेपाली साहित्य क्षेत्रमा गरेको योगदानका लागि रथारोहण गरी सम्मान गरिएको थियो । औपचारिक कार्यक्रम अघि सम्मानित व्यक्तित्वद्वयलाई रथारोहण गरी प्रभातफेरी गरिएको थियो । प्रभातफेरीमा साहित्यकार एवं विभिन्न विद्यालयका छात्रछात्राको पनि सहभागिता थियो । सो अवसरमा प्रतिष्ठान परिसरमा रहेको भानुभक्तको प्रतिमामा माल्यार्पण गरिएको थियो । रासस

# अर्थसँग सम्बन्धित चार ऐन र एक नियमावली खारेज गर्नेगरी विधेयक संसद्मा दर्ता

**काठमाडौं ।**
सरकारले आर्थिक क्षेत्रसँगसम्बन्धी विभिन्न चारवटा ऐन र एक नियमावली खारेज गर्नेगरी संसद्मा विधेयक दर्ता गरेको छ । सङ्घीय संसद् प्रतिनिधिसभामा असार २३ गते दर्ता भएको 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्न बनेको विधेयक, २०८३' ले विभिन्न कानुनी जटिलता, दोहोरोपनाको अन्त्य, संविधान तथा सङ्घीय शासन व्यवस्थाअनुकूल कानुनी सुधार, राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यसहित केही कानुन खारेज र केही संशोधनको प्रक्रिया अघि बढाएको हो ।

संविधानको मर्म र भावनाअनुकूल नभएका तथा वर्तमान सङ्घीय शासन संरचनाको सन्दर्भमा असान्दर्भिक देखिएका कानुनी तथा संस्थागत प्रावधान हटाउने, कानुनी दोहोरोपनाको अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक भएकाले यो विधेयक संसद्मा दर्ता गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

विधेयकमा प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ ।

विधेयकले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नयाँ व्यवस्था थप गर्दै व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्ने सवारीसाधनलाई वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ । प्रस्तावित व्यवस्थाअनुसार कानुनबमोजिम दर्ता भएका ढुवानीका साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्दा त्यसको सम्पूर्ण विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली मा प्रविष्ट गरेर मात्र ढुवानी गर्नुपर्नेछ ।

विधेयकले नेपालमा दर्ता भएका वा दर्ता हुने सम्पूर्ण ढुवानी सवारीमा तोकिएको मापदण्डअनुसार भू–अवस्थिति देखाउने चालु अवस्थाको जिपीएस उपकरण जडान गर्नुपर्ने र त्यसको सिलसिलेवार नम्बर सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने व्यवस्था पनि गरेको छ । यद्यपि निश्चित क्षेत्रमा सञ्चालन हुने ढुवानी साधनलाई जिपीएस जडानबाट छुट दिन सकिने पनि विधेयकमा प्रस्ताव गरिएको छ ।



अनलाइन प्रणालीमा विवरण प्रविष्ट नगर्ने, आवश्यक कागजात साथमा नराख्ने वा जिपीएस जडानसम्बन्धी व्यवस्था उल्लङ्घन गर्ने ढुवानी सवारीका धनी वा प्रयोगकर्तालाई कर अधिकृतले पहिलोपटक अधिकतम ५० हजार र त्यसपछि प्रत्येक पटक अधिकतम रु एक लाखसम्म जरिवाना गर्नसक्ने व्यवस्था विधेयकमा छ ।

विधेयकले आयकर ऐन, २०५८ मा महत्वपूर्ण संशोधन प्रस्ताव गरेको छ । ऐनको दफा २ मा 'गैरकर' को नयाँ परिभाषा थप गरिएको छ । प्रस्तावित व्यवस्थाअनुसार गैरकर भन्नाले प्रचलित कानुनबमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिवाना वा साँवा फिर्ता रकम जनाउनेछ । त्यस्तो रकममा लाग्ने ब्याजलाई गैरकरकै रूपमा परिभाषित गरिएको छ । विधेयकले आयकर ऐनमा नयाँ दफा ७२ (क) थप गर्दै गैरकर निर्धारण तथा असुलीसम्बन्धी व्यवस्था प्रस्ताव गरेको छ । यस व्यवस्थाअनुसार प्रचलित कानुनबमोजिम तिर्नुपर्ने गैरकर नतिरेको वा नबुझाएको अवस्थामा नेपाल सरकारको निर्देशनको अधीनमा रही छानबिन तथा अनुसन्धान गरी गैरकर निर्धारण गर्न वा गराउन सक्नेछन् । अनुसन्धानबाट थप गैरकर दायित्व कायम भएको पाइएमा शतप्रतिशत जरिवाना असुल गरिने प्रस्ताव गरिएको छ ।

सरकारले प्रस्तुत गरेको उक्त विधेयक संसद्बाट पारित भई कार्यान्वयनमा आएपछि राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग विस्तार हुने, ढुवानी प्रणालीको वास्तविक समयमै निगरानी गर्न सकिने, गैरकर असुलीलाई थप व्यवस्थित बनाउने तथा पुराना तथा असान्दर्भिक कानुनी व्यवस्थाहरू हटाएर सङ्घीय शासन प्रणाली अनुकूल कानुनी संरचना निर्माण हुने अपेक्षा गरिएको छ । रासस

# नेपाली भाषालाई लोकप्रिय बनाउन भानुभक्तको महत्वपूर्ण भूमिकाः प्रदेश प्रमुख

**कास्की ।**
गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषालाई लोकप्रिय र साझा भाषा बनाउन महत्त्वपूर्ण योगदान दिएको बताएका छन । आदिकवि भानुभक्तको २११ औँ जन्मजयन्तीका अवसरमा भानु वाङ्मय प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानले पोखरामा आयोजना गरेको भानु विशेष समारोहमा भट्टले नेपाली भाषाका आदिकवि भानुभक्तलाई सबैले स्मरण गर्नुपर्ने बताए । भानुका कृति सामाजिक कल्याणका लागि समर्पित, जातीय एकताका प्रतीक र क्रान्तिका मुख्य आधार मान्न सकिने भन्दै उनले आदिकवि भानुभक्तले नै छरिएर रहेको नेपाली भाषालाई एकीकरण गर्ने काम गरेको उल्लेख गरेका छन् ।

'नेपाल राष्ट्रलाई भावनात्मक रूपले एकीकृत गर्न र नेपालीपनको पहिचान गराउन भानुको महत्त्वपूर्ण योगदान रहेको छ । उनका सिर्जनाबाट नेपाली भाषाको उन्नयन, प्रवद्र्धन र मानकीकरण भएर नेपाली राष्ट्रियतालाई बलियो पार्नमा सर्वोपरि योगदान पुगेको छ,' भट्टले भने , भानुभक्तको सबैभन्दा ठुलो योगदान वाल्मीकि रामायणलाई संस्कृतबाट नेपालीमा अनुवाद गरेर ठुलो जनसङ्ख्यामा पु¥याउनु रहेको छ । नेपाल र विश्वभरका नेपालीभाषी रहेका क्षेत्रमा हाम्रो भाषा तथा साहित्य फैलाउन सेतु बन्नुभएको छ ।'

आजको दिन साहित्यिक, सांस्कृतिक, शैक्षिक तथा सामुदायिक संस्थाले आदिकवि भानुभक्तको सम्झनामा विभिन्न कार्यक्रम गरिरहेको र यस्ता उत्सवले युवा पुस्तामा साहित्यिक भोक जगाउने र भाषाप्रति सम्मान तथा नेपाली भाषाप्रति गौरव बढाउन मद्दत पुग्ने विश्वास प्रदेश प्रमुख भट्टको छ । आदिकवि भानुभक्तसँग जोडिएका विभिन्न ठाउँहरूलाई जोडेर साहित्य पर्यटनको माध्यमबाट अगाडि बढ्न सके मुलुकको समृद्धिमा सहयोग पुग्ने भन्दै भट्टले हामी आफ्नो मातृभाषाको शक्ति एवम् महत्त्व जगाउन र आदिकविको विरासतलाई संरक्षण गर्दै अगाडि बढाउन आ–आफ्नो ठाउँबाट दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिए । रासस

# आदिकविले भाषाका माध्यमबाट विश्वभरका नेपालीलाई भावनात्मक रुपमा एकताबद्ध बनाएः परराष्ट्रमन्त्री

**काठमाडौं ।**
परराष्ट्रमन्त्री शिशिर खनालले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषाको माध्यमबाट विश्वभरका नेपालीलाई भावनात्मक रूपमा एकताबद्ध बनाएको बताएका छन् । नेपाली शिक्षा परिषद् र भानु माध्यमिक विद्यालयले भानुभक्त आचार्यको २१३औँ जन्मजयन्तीको अवसरमा आज आयोजना गरेको 'भानु प्रतिमामा माल्यार्पण समारोह'मा उनले भाषाका माध्यमबाट नेपाललाई संसारभर जोड्ने काम भानुभक्तले गर्नुभएको उल्लेख गरेका छन् ।

जसरी पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण गर्नुभयो, त्यसरी नै भानुभक्त आचार्यले भाषा र साहित्यको माध्यमबाट नेपालीको भावनालाई एकीकरण गर्नुभयो, उनले भने ।

उनले अहिलेको समयमा नेपालको 'सफ्ट पावर'को रूपमा नेपाली भाषा, धर्म, संस्कृति र सभ्यता नै रहेको उल्लेख गरेका छन् । संसारको जुनसुकै कुनामा रहेका नेपालीलाई पनि नेपाली भाषाले नै एक–अर्कासँग जोड्ने र आफ्नोपनको महसुस गराउने उनको भनाई थियो ।

मन्त्री खनालले भानुभक्त र घाँसीको प्रसङ्ग उल्लेख गर्दै समाजसेवा र देश निर्माणमा हरेक नागरिकको भूमिका महत्वपूर्ण हुने बताएका छन् । घाँसीले आफ्नो नाम रहोस् भन्ने भावनाले कुवा खनाएको जस्तै, हामीले पनि समाज र राष्ट्रका लागि केही न केही योगदान दिनुपर्छ, उनले भने । तनहुँको चुँदीमा जन्मिनुभएका मन्त्री खनालले भानुभक्त आचार्यप्रति आफ्नो भावनात्मक सम्बन्ध रहेको बताएका छन् । उनले भानु जयन्तीले नेपाली भाषा र साहित्यको संरक्षणमा सधैँ प्रेरणा दिइरहने विश्वास व्यक्त गरेका छन् ।

नेपाली शिक्षा परिषद्की अध्यक्ष रमा शर्माले भानु माध्यमिक विद्यालयको प्राङ्गणमा रहेको भानुभक्तको प्रतिमा नेपालकै पहिलो प्रतिमा भएको बताउँदै यसको ऐतिहासिक महत्व रहेको उल्लेख गरे ।

नेपाली शिक्षा परिषद्को अगुवाइमा विसं २०१६ असार २९ गते स्थापना भएको भानुभक्तको उक्त प्रतिमामा हरेक वर्ष माल्यार्पण गर्ने र भानु जयन्ती मनाउने गरिएको छ । विसं २०१६ मा स्थापना भएको उक्त प्रतिमाको तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले अनावरण गरेका छन् । रासस

# हर्मुजमा नियन्त्रणको लडाइँ तीव्र



**दुबई ।**
विश्व ऊर्जा आपूर्तिको प्रमुख समुद्री मार्ग स्ट्रेट अफ हर्मुजको नियन्त्रणलाई लिएर अमेरिका र इरानबीच तनाव थप चुलिएको छ । दुवै पक्षले जलघाँटी आफ्नो नियन्त्रणमा रहेको दाबी गरिरहेका बेला पछिल्ला सैन्य आक्रमणले युद्धविराम प्रयासलाई थप कमजोर बनाएको छ । कुवेत र बहराइनसम्म फैलिएको तनावका कारण मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ ।

कुवेतले सोमबार बिहान आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरी आकाशमा देखिएका खतराप्रति जवाफी कारबाही गरेको जनाएको छ । इरानले अमेरिकी हवाई आक्रमणको प्रतिक्रियास्वरूप आक्रमण गरेको दाबी गरिए पनि कुवेती सेनाले तत्काल कुनै क्षति वा मानवीय हताहत भएको पुष्टि गरेको छैन । बहराइनले पनि सम्भावित मिसाइल खतरालाई मध्यनजर गर्दै सोमबार दुई पटक चेतावनी साइरन बजाएको जनाएको छ ।

यसैबीच, अमेरिका र इरानले एकअर्काविरुद्ध सैन्य गतिविधि तीव्र बनाउँदै स्ट्रेट अफ हर्मुज खुला वा नियन्त्रणमा रहेको विषयमा परस्परविरोधी दाबी गरेका छन् । ओमानको तट नजिक इरानले एक कन्टेनर जहाजलाई लक्षित गरेपछि विश्व व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मानिने जलमार्ग फेरि अन्तर्राष्ट्रिय चिन्ताको केन्द्र बनेको छ । विश्वको करिब पाँचौँ भाग कच्चा तेल र प्राकृतिक ग्यास यही जलमार्गबाट ओसारपसार हुने भएकाले यहाँको अस्थिरताले विश्व ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्ने विश्लेषण गरिएको छ ।

इरान र अमेरिकाबीच स्थायी युद्ध अन्त्यका लागि भएको ६० दिने अन्तरिम सहमतिले आधा अवधि पार गरिसकेको भए पनि त्यसले अपेक्षित शान्ति दिन सकेको छैन । बरु पछिल्ला आक्रमण र प्रतिआक्रमणले कूटनीतिक प्रयासलाई चुनौती दिएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पूर्ण युद्ध पुनः सुरु भए त्यसका परिणाम विनाशकारी हुने चेतावनी दिँदै संयम अपनाउन आग्रह गरेका छन् ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डले सोमबार इरानका हवाई प्रतिरक्षा प्रणाली, राडार केन्द्र, मिसाइल तथा ड्रोन पूर्वाधार, साना नौकासहित दर्जनौँ सैन्य लक्ष्यमा आक्रमण गरिएको जनाएको छ । सेन्ट्रल कमान्डले स्ट्रेट अफ हर्मुज विश्वव्यापी व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण समुद्री मार्ग भएकाले त्यसमा इरानको नियन्त्रण स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

यता इरानको इस्लामिक रिभोलुसनरी गार्डले अमेरिकी दाबी अस्वीकार गर्दै स्ट्रेट अफ हर्मुज आफ्नो क्षेत्र भएको र बाह्य सैन्य हस्तक्षेप स्वीकार नगर्ने जनाएको छ । गार्डले अमेरिकी उपस्थितिलाई गैरकानूनी भन्दै आवश्यक परे थप प्रतिकार गर्ने चेतावनी पनि दिएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमले सोमबार बिहान अमेरिकी आक्रमणका क्रममा विभिन्न स्थानमा विस्फोट भएको र कम्तीमा एक जनाको मृत्यु भएको जनाएको छ । आइतबार इरानले गरेको प्रतिआक्रमण बहराइन, कुवेत, कतार, जोर्डन र ओमानसम्म फैलिएको थियो । इरान र पश्चिमबीच लामो समयदेखि मध्यस्थकर्ताको भूमिका खेल्दै आएको ओमानले पनि पछिल्लो आक्रमणप्रति असन्तुष्टि जनाउँदै इरानी कूटनीतिज्ञलाई बोलाएर विरोध जनाएको छ ।

आइतबार अमेरिकी सेनाले करिब १४० सैन्य लक्ष्यमा आक्रमण गरेको जनाएको थियो । यसलाई पछिल्ला सातामा गरिएको सबैभन्दा ठूलो सैन्य कारबाही मानिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि अमेरिकी सेनाले इरानी लक्ष्यमा व्यापक बमबारी गरेको पुष्टि गरेका छन् । यसको प्रतिक्रियामा इरानले अमेरिकी सैन्य उपस्थिति रहेका क्षेत्रीय मुलुकहरूलाई लक्षित गरी आक्रमण गरेको दाबी गर्दै स्ट्रेट अफ हर्मुजमा आफ्नो नियन्त्रण कायम रहने र त्यहाँबाट आवतजावत गर्ने जहाजले इरानका नियम पालना गर्नुपर्ने अडान दोहोऱ्याएको छ । इरानी संसद्का अध्यक्ष तथा प्रमुख वार्ताकार मोहम्मद बाघेर कालिबाफले अब एकतर्फी सम्झौताको समय समाप्त भएको बताउँदै आफ्नो प्रतिबद्धता पूरा नगर्ने पक्षले मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ ।

इरानले जलघाँटी बन्द रहेको दाबी गरिरहे पनि अमेरिका र राष्ट्रपति ट्रम्पले समुद्री मार्ग सञ्चालनमा रहेको बताएका छन् । अमेरिकी सेनाले ओमानको दक्षिणी समुद्री मार्ग प्रयोग गर्ने जहाजलाई सुरक्षा दिन थालेपछि इरानले त्यस मार्ग प्रयोग गर्ने जहाजलाई समेत निशाना बनाउन थालेको जनाइएको छ । युद्धका कारण सुरुमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १२० अमेरिकी डलरसम्म पुगेको थियो । पछिल्ला दिनमा मूल्य केही घटे पनि ऊर्जा आपूर्ति र समुद्री सुरक्षाप्रतिको अनिश्चितता अझै कायम रहेको छ । युद्ध अन्त्यका लागि पाकिस्तान, कतार र इजिप्टलगायत देशहरूले मध्यस्थता जारी राखेका छन् । वार्तासँग परिचित एक क्षेत्रीय अधिकारीका अनुसार युद्धविरामलाई स्थायी बनाउने प्रयास अझै रोकिएको छैन । पाकिस्तानले आफ्ना विदेश मन्त्रीले इरानका वरिष्ठ कूटनीतिज्ञसँग टेलिफोन वार्ता गरी दुवै पक्षलाई तनाव कम गर्न आग्रह गरेको जनाएको छ । यसैबीच, इरानका नयाँ सर्वोच्च नेता अयातुल्ला मोजताबा खमेनीले आफ्ना पिता अयातुल्ला अली खमेनीको अन्त्येष्टिपछि पहिलो सार्वजनिक वक्तव्य जारी गर्दै इरानमाथि भएका आक्रमणको प्रतिशोध लिइने प्रतिबद्धता व्यक्त गरेका छन् । रासस

# भारतको फोहोर प्रशोधन केन्द्रमा फोहोरको थुप्रो खस्दा नौ जनाको मृत्यु

**नयाँदिल्ली ।**
भारतको पश्चिमी क्षेत्रमा रहेको फोहोरबाट ऊर्जा उत्पादन गर्ने केन्द्रमा भारी वर्षापछि फोहोरको थुप्रो खस्दा नौ जना कामदारको मृत्यु भएको छ । केन्द्रका सञ्चालकले सोमबार जारी गरेको विज्ञप्तिमार्फत घटनाबारे जानकारी दिएका हुन् । भारतमा जुनदेखि सेप्टेम्बरसम्म रहने मनसुन अवधिमा भारी वर्षाका कारण भवन तथा पूर्वाधारसम्बन्धी दुर्घटनाहरू हुने गरेका छन् । लामो समयको वर्षाले कमजोर संरचना भत्किने वा पहिरो जाने जोखिम बढाउने गर्छ ।

गत बुधबार पुणे सहरको बाहिरी क्षेत्रमा रहेको 'एन्टोनी वेस्ट' फोहोर प्रशोधन केन्द्रमा दुर्घटना भएको हो । नजिकै रहेको ल्यान्डफिल (फोहोर विसर्जन स्थल) बाट हजारौँ टन फोहोर खस्दा प्रशासनिक भवनमा रहेका २३ जना व्यक्ति पुरिएका थिए । कम्पनीले जारी गरेको विज्ञप्तिमा निरन्तरको वर्षाका कारण ल्यान्डफिल अस्थिर बनेपछि फोहोर खसेर भवनमा क्षति पुगेको उल्लेख गरिएको छ ।

घटनामा नौ जनाको मृत्यु भएको र १४ जनालाई जीवितै उद्धार गरिएको कम्पनीले जनाएको छ । उद्धार टोलीले वर्षाका कारण कठिन परिस्थितिमा काम गर्नुपरेको र भग्नावशेषमुनि फसेकाहरूको उद्धारमा चुनौती भएको अधिकारीले बताएका छन् । संरचनागत तथा सुरक्षासम्बन्धी जाँच पूरा नभएसम्मका लागि केन्द्रको सञ्चालन अस्थायी रूपमा रोकिएको छ ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण भारतमा अतिवृष्टि, गर्मी तथा अन्य चरम मौसमी घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको छ । मौसमविद्हरूले यस वर्ष सम्भावित शक्तिशाली 'एल निनो' मौसमी प्रभावले भारतको सामान्य मौसमी चक्रमा समेत असर पार्न सक्ने बताएका छन् । रासस

# ड्रागन फ्रुटले बदलेको इङनामको परिचय

**इलाम ।**
इलामको चुलाचुली गाउँपालिका–३ का किसान प्रविण इङनामलाई आजकल फुर्सद छैन । अधिकांश समय ड्रागन फ्रुटको स्याहारसुसार गर्दै बगानमा बित्ने गरेको छ । श्रीअन्तुमा घाम उदाएदेखि साँझ घाम नडुब्दासम्म उनी ड्रागनको रेखदेख गर्न लागिपरेको हुन्छ । सात वर्षअघि स्थापना गरिएको 'भिलेज एग्रो फार्म' आज जिल्लामै धेरै ड्रागन फ्रुट उत्पादन तथा बिक्रीवितरण गर्ने फार्मका रूपमा परिचित छ । उनले उक्त खेतीबाट वार्षिक रु १२ लाखबराबरको आम्दानी गरेको छ ।



दुई बिघामा लगाइएका दुई हजार ८०० बिरुवाबाट उत्पादन भएको फल बिक्री गरेर प्रसन्न देखिएको इङनामले भने, यस वर्ष उत्पादन बढ्ने भएकाले आम्दानीसमेत बढ्ने अपेक्षा छ । उनले आफ्नै जमिन र ३८ कट्ठा लिजमा लिएर मलेसियन प्रजातिको रातो ड्रागन फ्रुट रोप्नुभएको छ । सुरुमा तीन कट्ठा जमिनमा ड्रागन खेती सुरु गरेका इङनामले कम लगानीमा धेरै आम्दानी हुन थालेपछि खेती विस्तार गरेको हो ।

पहिले परीक्षणका लागि तीन कट्ठा जमिनमा ड्रागन फ्रुट रोपेको थिएँ । उत्पादन राम्रो भएपछि क्रमशः बढाउँदै लागेको छु, उनले भने, अहिले दुई बिघा (४० कट्ठा)मा खेती विस्तार गरेको छु । आगामी वर्ष थप विस्तार गर्ने योजनामा छु । उनले उत्पादन गरेको ड्रागन फ्रुटको बजारको कुनै समस्या छैन ।

व्यवसायी बगानमा नै आएर खरिद गरी लैजाने गरेका छन् । उनले उत्पादन गर्नुभएको फ्रुट झापाको बिर्तामोड र दमक, मोरङको उर्लाबारी र इलाम बजारमा बिक्री हुने गरेको छ । उनका अनुसार ड्रागन फ्रुट साइजअनुसार प्रतिकेजी रु २०० देखि रु ५०० सम्म बगानबाटै बिक्री हुने गर्दछ । उत्पादन गरेको फल बिक्दैन कि भन्ने चिन्ता छैन, व्यापारी बगानमा नै आउँछन्, उनले भने, बगानबाट साइजअनुसार प्रतिकलोग्राम रु २०० देखि रु ५०० सम्ममा बिक्री हुने गर्दछ । उनको फार्मबाट आफू त स्वरोजगार बन्नुभएकै छ, स्थानीयले समेत रोजगारी पाएका छन् । बगानमा म आफैँ खट्ने गरेको छु, त्यसबाहेक पाँच जना श्रमिकलाई रोजगारी दिएको छु, उनले भने,आफू स्वरोजगार भई अरुलाई समेत रोजगारी दिन पाउँदा आत्मसन्तुष्टि मिल्दोरहेछ ।

पैसा कमाउन विदेश नै गइराख्नु पर्दैन भन्ने सन्देश दिन आफूले गाउँमै बसेर कृषि व्यवसाय सुरु गरेको उनी बताउछन् । बेरोजगार युवा विदेशिने क्रम रोक्न र गाउँघरमा नै बसेर भएपनि स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिन व्यावसायिक रूपमा खेती सुरु गरेको हुँ, इङनामले भने, निरन्तरता दिँदै नवीनतम ढङ्गबाट काम गर्ने हो भने गाउँघरमा नै मज्जाले कमाइ गर्न सकिन्छ ।

कम समय, श्रम र पैसामा धेरै उत्पादन र आम्दानी गर्न सकिने भएकाले व्यावसायिक खेतीमा जोड दिएको उनको भनाइ छ । अन्नबालीमा मात्र सीमित रहने यस क्षेत्रका किसानका लागि इङनामको यो व्यावसायिक ड्रागन फ्रुट खेती एउटा अनुकरणीय र प्रेरणाको स्रोत बनेको छ । कम मिहिनेत र राम्रो बजार भाउ पाउने भएपछि स्थानीयस्तरमा उक्त खेतीतर्फ अन्य किसानको पनि आकर्षण बढ्न थालेको छ ।

चुलाचुली गाउँपालिका–२ बुढीझोडाकी मायतीमाया लिम्बूले पनि व्यावसायिक ड्रागन फ्रुट खेती गर्दै आएको छ । छ वर्षअघि 'छथरे ड्रागन फ्रुट कृषि फार्म' दर्ता गरी खेती गर्न थाल्नुभएकी उनले अहिले आठ कट्ठा जमिन लिजमा लिएर ६५० बोट ड्रागन फ्रुट रोपेको छ । रोपेका सबै बोटले उत्पादन दिन थालेका छन् । लगानी धेरै नचाहिने र उत्पादनसमेत राम्रो हुने भएकाले मैले आठ कट्ठा जमिनमा ड्रागन फ्रुट खेती गर्दै आएकी छु उनले भन्नुभयो । अन्य अन्नबालीभन्दा मिहिनेत कम र आम्दानी धेरै हुने भएकाले यसलाई विस्तार गर्ने योजना छु ।

उनले सबै खर्च कटाएर वार्षिक रु एक लाख २५ हजार आम्दानी गरेको सुनाएका छन् । इङनाम र लिम्बूमात्र होइन, पछिल्लो समय जिल्लाका अन्य किसानको ड्रागन फ्रुट खेतीमा आकर्षण बढ्दै गएको छ । राम्रो आम्दानी हुने भएपछि स्थानीयले परम्परागत खेतीलाई विश्राम दिन थालेका छन् । चुलाचुलीमा ड्रागन फ्रुट खेती प्रवर्द्धनमा सरकारको समेत सहयोग हुँदै आएको छ । इङनामको फार्मलाई चुलाचुली गाउँपालिकाले र लिम्बूको फार्मलाई कृषि ज्ञान केन्द्रले सहयोग गरेको छ ।

इङ्नामको 'भिलेज एग्रो फार्म'लाई ड्रागन फलखेती प्रवर्द्धन गर्न चुलाचुली गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु चार लाख अनुदान दिएको थियो । इङनामले भने, प्राप्त भएको अनुदानले बगान व्यवस्थापन र नयाँ बिरुवा थप गर्न मद्दत मिलेको थियो । आगामी दिनमा पनि यस्ता प्रवर्द्धनका कार्यक्रम प्राप्त हुने विश्वास छ । 'छथरे ड्रागन फ्रुट कृषि फार्म' लाई बगान व्यवस्थापनका लागि सोही वर्ष कृषि ज्ञान केन्द्र इलामबाट ५० प्रतिशत लागत साझेदारीमा रु दुई लाख ५० हजार अनुदान उपलब्ध भएको थियो । सो अनुदानले बगान व्यवस्थापनमा सहयोग मिलेको लिम्बूले बताए ।

चुलाचुली गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले आफ्ना गतिविधि अगाडि बढाएको बताएका छन् । हामीले विगतदेखि नै कृषि क्षेत्रलाई प्राथमिकता राखेर काम गर्दै आएका छौँ, अध्यक्ष केरुङले भने, आगामी वर्ष पनि किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्नेछौँ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरेका छौँ ।

ड्रागन फ्रुट खेती इलामको चुलाचुलीसहित माई नगरपालिका, रोङ गाउँपालिका, माईजोगमाई गाउँपालिका र इलाम नगरपालिकाको तल्लो क्षेत्रमा विस्तार हुँदै आएको छ । पछिल्लो समय नेपालमा लोकप्रिय बन्दै गएको एक आकर्षक र पौष्टिक फलका रूपमा ड्रागन फ्रुटलाई लिइन्छ । समथर जमिनमा ड्याङ बनाएर पिलर गाडेर, पातलो हारमा मिलाएर लगाउन सकिने ड्रागन फ्रुट लोकप्रिय छ । रासस

# 'हरित आय'ले बदलेको महिलाको दैनिकी

बागलुङ ।
तीन वर्ष अघिसम्म बडिगाडका महिला चुलोचौको र खेतबारीकै काममा सीमित थिए । वर्षभरि बारीमा लगाएको धान, गहुँ, मकै र कोदोले छ महिना खान पुग्दैनथ्यो । चुरा, पोते र सामान्य शृङ्गारका सामान किन्न पनि श्रीमान् र परिवारमै भर पर्नुपर्ने अवस्था थियो । तर अहिले उनीहरू खाद्यबालीमात्रै खेती गर्दैनन् । मकै, कोदो गहुँ फलाउने बारीमा आजकल लटरम्म गोलभैँडा, अकबरे फल्छन् । गाई भैँसी बाँध्ने गोठ आधुनिक खोरका रूपमा विकास भएका छन् ।



खोरमा रहर लाग्दा बाख्राका पाठापाठी र बोका रमाइरहेका देखिन्छन् । व्यावसायिक कृषि र पशुपालनमा लागेका महिला सामान्य खर्चको जोहो गर्न अरुमा निर्भर हुनु पर्दैन । बाह्रै महिना परम्परागत खेतीपाती गर्दै आए पनि परिवार चलाउन समस्या हुन्थ्यो । तर, अहिले मौसमी तथा बेमौसमी तरकारी फलाउँदा परिवार चलाउन समस्या छैन । बडिगाड गाउँपालिका र अन्य साझेदार संस्थाको सहयोगमा सञ्चालित 'हरित आय' कार्यक्रममार्फत यहाँका महिला आत्मनिर्भर बन्ने बाटोमा छन् ।

विसं २०८० पुसदेखि हरित आय कार्यक्रम बडिगाडका १० वटै वडामा कार्यान्वयन भइरहेको छ । कार्यक्रमले गाउँ गाउँका महिलालाई एकताबद्ध गरेर सामूहिक तथा एकल रूपमा व्यावसायिक कृषि र पशुपालनतर्फ आकर्षित गरेको छ । कार्यक्रममा एक हजार ५६ घरपरिवारका महिला आबद्ध भएर उद्यमी बन्न थालेको बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिइन् । हरित आय कार्यक्रमले यहाँका महिला दिदीबहिनीको जीवनशैली बदलिएको छ, विगतमा सामान्य खर्च जुटाउनका लागि अरुमा निर्भर हुनुपथ्र्यो भने अहिले आफ्नै मिहिनेतले हाम्रो आम्दानी गर्ने हुनुभएको छ, अध्यक्ष अधिकारीले भनिन्, यो कार्यक्रमले गरिबी निवारण गर्न र महिलालाई आत्मनिर्भर बनाउन थालेको छ ।

कार्यक्रमले ग्रामीण महिलाको आयआर्जनसँगै नेतृत्व र सकारात्मक सोचको विकास गरेको बडिगाड गाउँपालिका–१ की उद्यमी दुर्गा थापाले बताए । गत वर्षसम्म तरकारीसमेत बजारबाट किनेर खाने गरेका अहिले बारीभरि लटरम्म गोलभैँडा, अकबरे उत्पादन भएको उनको भनाइ छ । हरित आय कार्यक्रममार्फत तरकारी खेती, बाख्रा पालन र नेतृत्व विकाससम्बन्धी तालिम दिएपछि अहिले दैनिकी फेरिएको थापाले सुनाए । उनले भने, पहिला हाम्रो दैनिकी चुलोचौको र अरुको मेलापात गर्दा बित्थ्यो, तर अहिले त्यो अवस्था फेरिएको छ । आफ्नै बारीमा काम गर्दा भ्याई नभ्याई छ, पहिले मकै, कादो र फापर फलाएर वर्षभरि खान पुग्दैनथ्यो, अहिले त्यही बारीमा फलेको तरकारीले वर्षभरि खान पुग्छ, बालबच्चालाई पढाउन र घर खर्च चलाउने पैसा पनि आउँछ ।

कार्यक्रममार्फत महिलाई उन्नत जातका बाख्रा, बोका, मिनिटेलर हलो, प्लास्टिक टनेल उपलब्ध गराइएको थियो । बडिगाड–७ को टुनीबोटका महिलाले बारीमा व्यावसायिक अकबरे लगाएका छन् । गत वर्षदेखि सुरु भएको अकबरे खुसानींको उत्पादन र खेतीले अहिले व्यापकता पाएको छ । गाउँका महिला अकबरेखतीप्रति आकर्षित भएपछि खाली जमिन पनि उपयोगमा आउन थालेको स्थानीय उद्यमी कुमारी रोका गुरुङले बताइन् । पहिले एकदुई मुरी मकै, गहुँ फल्ने बारीमा लाखौँ रुपैयाँका अकबरे फल्ने गरेको उनको भनाइ छ । स्थानीय महिलाले रु. २० हजारदेखि रु एक लाखसम्मको अकबरे बिक्री गरेको गुरुङ बताउँछिन् ।

ठाउँ यहीँ हो, बारी यहीँ हो, खेती परम्परागत रूपमा गरेका थियौँ, त्यसरी खेती गर्दा हाम्रो जीविकोपार्जनमा समस्या थियो, तर अहिले बल्ल सीप सिक्यौँ, गुरुङले भनिन्, अब सामान्य कमाइका लागि विदेश जानु हुँदैन, हाम्रै बारीमा पैसा फल्दोरहेछ । खुर्सानी बेचेर पनि राम्रो कमाइ गर्न सकिँदोरैछ । रासस

# जग्गा खोजीमै अड्कियो बेनीको ‘ल्याण्डफिल साइट’



**म्याग्दी ।**
बेनी बजारको फोहर व्यवस्थापनका लागि दिगो ‘ल्याण्डफिल साइट’ निर्माणको योजना सुरु भएको दुई दशकभन्दा बढी भयो । तर अहिलेसम्म जग्गा खोजीमै काम रोकिएको छ । उपयुक्त जग्गा अभावमा बेनी नगरपालिकाले कालीगण्डकी नदी किनारको रातोपहिरो क्षेत्रमा फोहर विसर्जन गरिरहेको छ । जसले वातावरण, जनस्वास्थ्य र धार्मिक सम्पदामा असर परेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।
बेनी नगरपालिकाले हरेक आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेटमा फोहोर व्यवस्थापन केन्द्र निर्माणलाई प्राथमिकता दिँदै आएका छ । तर उपयुक्त स्थानमा जग्गा पहिचान हुन नसक्दा योजना कार्यान्वयनमा आउन सकेको छैन । त्यसैले बेनी नगरपालिका–६ रातोपहिरोस्थित कालीगण्डकी नदी किनारमा विसं २०६० देखि फोहर विसर्जन हुँदै आएको छ ।
रातोपहिरोको फोहर व्यवस्थापनस्थल कालीगण्डकी नदीको किनार तथा बेनी–जोमसोम सडकसँगै रहेकाले त्यसबाट निस्कने दुर्गन्धले आसपासका बस्तीका बासिन्दा, यात्रु, पर्यटक तथा तीर्थयात्री प्रभावित भएका छन् ।
जलजला गाउँपालिका–२ बगरफाँटका हीराबहादुर बरुवालले खुला रूपमा फोहर फालिँदा बगरफाँट, जलेश्वर, कालीपुल र गलेश्वर क्षेत्रका बासिन्दाले दुर्गन्धको समस्या भोगिरहेको बताए । उनीका अनुसार बेनी–गलेश्वर हुँदै मुस्ताङ आवतजावत गर्ने पर्यटक र तीर्थयात्रीसमेत यसबाट प्रभावित हुने गरेका छन् ।
बेनी, गलेश्वर, तातोपानी, सिंगा र हाडेभिर क्षेत्रका दुई हजारभन्दा बढी घरधुरीबाट दैनिक तीनदेखि चार ट्र्याक्टर फोहर सङ्कलन गरी रातोपहिरोमा विसर्जन गरिन्छ । नदी किनारमा फोहर नफाल्न तत्कालीन पुनरावेदन अदालत बागलुङले विसं २०७२ मा निषेधाज्ञा जारी गरे पनि विकल्प अभावमा सोही स्थान प्रयोग भइरहेको छ ।
बेनी नगरपालिकाले फोहोर व्यवस्थापनका लागि ‘कम्प्याक्टर’ मेसिन र सवारीसाधनसहित पोखरास्थित ‘मिसन फर वेस्ट म्यानेजमेन्ट’लाई मासिक एक लाख ६० हजार रुपैयाँमा जिम्मेवारी दिएको छ । नगरप्रमुख सुरत केसीले सुरक्षित र दिगो ल्याण्डफिल साइटको विकल्प नपाएकाले हालको स्थान प्रयोग गर्नु बाध्यता भएको बताए ।
उनीका अनुसार पछिल्ला वर्षदेखि फोहर छुट्याएर कुहिने वस्तु खाडलमा व्यवस्थापन गर्ने, पुनः प्रयोगयोग्य सामग्री छुट्याउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्ने काम सुरु गरिएको छ । यसले नदीमा प्रत्यक्ष फोहर पुग्ने अवस्था केही घटेको उनीको भनाइ छ ।
नगरपालिकाले विभिन्न स्थानमा ल्याण्डफिल साइट निर्माणका लागि प्रस्ताव गरे पनि जग्गा प्राप्तिमा सहमति जुट्न नसकेको जनाएको छ । कम्तीमा दुई रोपनी जग्गा आवश्यक पर्ने नगरप्रमुख केसीले जानकारी दिए ।
दुई वर्षअघि रातोपहिरो नजिकैको कालीगण्डकी किनारबाट भारतको अयोध्यामा निर्माण भएको राम मन्दिरका लागि देवशिला उत्खनन गरिएको थियो । सोही क्षेत्रलाई ‘देवशिला उद्यान’का रूपमा विकास गर्न सङ्घीय र प्रदेश सरकारले फोहर व्यवस्थापन स्थल हटाउनुपर्ने सर्त राखेको नगरपालिकाले जनाएको छ ।
ल्याण्डफिल साइटको विकल्प पहिचान नभएसम्म दुर्गन्ध नियन्त्रणका लागि औषधि, चुना र माटो नियमित रूपमा प्रयोग गर्न स्थानीयले माग गरेका छन् । हाल फोहर फाल्ने स्थानमा टहरा निर्माण गरी नकुहिने फोहर छुट्याएर कवाडीमा बिक्री गर्ने गरिएको छ ।
गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले कालीगण्डकी नदी हिन्दू आस्था, जैविक विविधता र प्राकृतिक सम्पदासँग जोडिएको महत्त्वपूर्ण नदी भएकाले यसको संरक्षणका लागि वैज्ञानिक फोहर व्यवस्थापनको विकल्प तत्काल खोजिनुपर्ने बताए । रासस

# पुरोहितहरुलाई कर्मकाण्ड कक्षा

**दाङ ।**
धेरै पुरोहित पुस्तौँदेखि परम्परागत रूपमा कर्मकाण्ड गर्दै आए पनि औपचारिक अध्ययनको अवसरबाट वञ्चित थिए । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत जनता विद्यापीठ विजौरीले सञ्चालन गरेको छ महिनाको माध्यमिक तहको कर्मकाण्ड तालिमले उनीहरूलाई शास्त्रीय ज्ञान र शुद्ध उच्चारण सिक्ने अवसर प्रदान गरेको छ ।
तुलसीपुर उपमहानगरपालिका–१२ टरिगाउँ निवासी यमराज उपाध्याय लामो समयदेखि पुरोहित कर्ममा संलग्न थिए । सामान्य अध्ययनका आधारमा पुरोहितको काम गर्दै आए पनि औपचारिक रूपमा कर्मकाण्ड अध्ययन गर्ने अवसर नपाएको उनी बताउँछन् । ‘सामान्य अध्ययन त थियो, तर सबै विषयको गहिरो ज्ञान रहेनछ,’ उनले भने, ‘वर्षौंदेखि पुरोहित कर्म गर्दै आए पनि अहिले गुरुहरूबाट आफूले गरेका कमीकमजोरी थाहा पाउने र शुद्ध उच्चारण सिक्ने अवसर मिलेको छ ।’
तुलसीपुर–९ दोघरे निवासी गणेश आचार्य पनि २२ वर्षको उमेरदेखि पुरोहित कर्ममा सक्रिय थिए ।
हाल करिब ६० वर्ष पुग्नुभएका उनीले बाजे र बुबाबाट सिकेको ज्ञानका आधारमा कर्मकाण्ड गर्दै आएका थिए । ‘हामीले औपचारिक रूपमा पढेका थिएनौँ, बाउबाजेले गरेको देखेर सिक्यौँ र त्यही परम्परालाई निरन्तरता दियौँ,’ उनले भने ।
यमराज उपाध्याय र गणेश आचार्यजस्ता परम्परागत रूपमा पुरोहित कर्म गर्दै आएका धेरै व्यक्ति अहिले उक्त तालिममा सहभागी भएका छन् । उनीहरूले जन्म, विवाह, मृत्यु तथा अन्य धार्मिक संस्कारका अवसरमा समाजलाई सेवा दिँदै आएका छन् ।
जनता विद्यापीठ विजौरीका प्रशिक्षक बद्रीप्रसाद गौतमका अनुसार परम्परागत रूपमा कर्मकाण्ड गरिरहेका पुरोहितको ज्ञानलाई व्यवस्थित र शास्त्रीय बनाउन छ महिनाको माध्यमिक तहको कर्मकाण्ड पाठ्यक्रम सञ्चालन गरिएको हो । ‘उनीहरूले गाउँ–गाउँमा पुगेर धार्मिक संस्कार सम्पन्न गराउँदै आउनुभएको छ, जुन समाजसेवा पनि हो,’ गौतमले भने, ‘छ महिनाको पाठ्यक्रम पूरा गरेपछि उनीहरूको ज्ञान र कार्यसम्पादन अझ प्रभावकारी हुने अपेक्षा गरेका छौँ ।’
पाठ्यक्रम सफलतापूर्वक पूरा गरेपछि उनीहरूले माध्यमिक तहको कर्मकाण्ड विषयको प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था रहेको प्रशिक्षक गौतमले जानकारी दिए । रासस

# राप्ती तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुङ्गाकै भर



**बाँके ।**
नरैनापुर र डुडुवा गाउँपालिकालाई जोड्न राप्ती नदीमा पुल निर्माण नहुँदा तटीय क्षेत्रका नागरिक अझै पनि डुङ्गामा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।
नरैनापुर गाउँपालिका–६ गङ्गापुरका स्थानीय अगुवा सोहनलाल यादवले डुडुवा गाउँपालिकाको होलिया र नरैनापुर गाउँपालिकाको गङ्गापुरलाई जोड्ने राप्ती नदीमा पुल नबन्दा यसक्षेत्रका हजारौ नागरिकले जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको यादवले बताए । उनीका अनुसार, राप्तीपारिका आधा दर्जनभन्दा बढी गाउँका बासिन्दा खेतबारीको काम, आफन्त भेटघाट तथा हाटबजारका लागि दैनिक रूपमा डुङ्गा चढेर नदी वारपार गर्ने गर्दछन् । राप्तीसोनारी गाउँपालिका–७ को खल्ला झगडिया, नरैनापुरको कुडुवा, पिप्रहवालगायत गाउँका बासिन्दाले नियमित रूपमा डुङ्गा प्रयोग गर्दै आएका छन् ।
राप्ती सोनारी–७ खल्ला झगडिया नयाँबस्तीका शङ्कर यादवले पक्की पुल प्रयोग गर्न सिधनियाघाट पुग्न निकै टाढा पर्ने भएकाले डुङ्गा चढ्नु बाध्यता भएको बताए । नदी तटीय क्षेत्रका नागरिकको खेती किसानी समेत राप्ती नदी वारि र पारि हुने भएकाले यतिबेला धानको बीउ रोप्ने कामको लागि पनि डुङ्गाबाट नदी वारपार गर्नुपर्ने बाध्यता रहेको यादवले जानकारी दिए ।
‘नदी तर्न पक्की पुलसम्म पुग्न धेरै टाढा जानुपर्छ । यता झोलुङ्गे पुल पनि छैन, त्यसैले डुङ्गा चढ्नुको विकल्प छैन,’ उनीले भने, ‘हिउँद होस् वा वर्षात्, हामी डुङ्गाबाटै राप्ती नदी वारपार गर्नुपर्ने बाध्यता छ ।’
डुडुवा गाउँपालिका–१ होलियाका कुडुवा, कृषि चौफेरी, बोर्डर चौफेरी, छिटइपूर्वा, टेपरी, पिप्रहवा, खडैचा, कन्दइपूर्वा, सन्तलिया र नयाँबस्तीका सयौँ बासिन्दाका लागि डुङ्गामार्फत राप्ती नदी वारपार गर्नु दैनिकी बनेको होलियाका स्थानीय अगुवा झगरु लोनियाले बताए ।हिउँदको समयमा नदीका कम पानी हुने भएकाले डुङ्गामा सहज यात्रा हुने भए पनि बर्सातमा राप्ती नदीमा बाढी आउने भएकाले नदी वारपार गर्न डुङ्गामा जोखिमपूर्ण हुने गरेको उनको भनाइ छ ।
नदी वारपारको लागि खल्ला झगडिया गाउँ नजिकै डुङ्गा सधैँ तयारी अवस्थामा राखिएको हुन्छ ।
डुङ्गाचालक नानबाबु पासीका अनुसार, नदी तारेबापत प्रतिव्यक्ति १० रुपैयाँ शुल्क लिने गरिएको छ । गाईभैँसीका लागि २० रुपैयाँ, साइकलका लागि १५ रुपैयाँ र मोटरसाइकलका लागि ६० रुपैयाँ शुल्क लाग्छ । एकपटकमा ५० देखि ६० जनासम्म यात्रु तथा मालसामान नदी पार गराउन सकिने उनीले बताए ।
हरेक शुक्रबार सीमावर्ती भारतीय गाउँ जानकीमा लाग्ने हाटबजारमा किनमेलका लागि नेपाली गाउँका सयौँ नागरिक पुग्ने गर्छन् । डुडुवा गाउँपालिकाको होलिया, बेतहनी तथा राप्तीसोनारीको फत्तेपुर, नरैनापुरको गङ्गपुर र मटेहियालगायत क्षेत्रका बासिन्दा डुङ्गा तरेर हाटबजार जाने गरेका छन् ।
भारतीय बजारमा तरकारी तथा अन्य उपभोग्य वस्तु तुलनात्मक रूपमा सस्तो पाइने भएकाले धेरै स्थानीय त्यहाँ किनमेलका लागि जाने गरेको डुङ्गाचालक पासीले बताए ।
तटीय क्षेत्रका नागरिकले राप्ती नदीको डुबान, कटान र जोखिमपूर्ण यात्रा समस्याको दीर्घकालीन समाधानका लागि मटेहिया र होलियालाई जोड्ने पुल निर्माणको माग गर्दै आएका छन् । बाँके क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य मोहम्मद इस्तियाक राइले मटेहिया र होलिया जोड्ने पक्की पुल निर्माणको योजना कार्यान्वयनको लागि आफूले पहल गरिरहेको बताए । रासस

# पहिराले मेची राजमार्ग अवरुद्ध



**इलाम।**
निरन्तरको वर्षाले मेची राजमार्ग र झापासँग जोड्ने दुवै वैकल्पिक सडक बन्द भएपछि इलाम, पाँचथर र ताप्लेजुङको आवागमन ठप्प भएको छ । यातायात अवरुद्ध भएसँगै बिरामी, यात्रु र मालबाहक ढुवानीसमेत प्रभावित बनेका छन्।
जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लक्ष्मी भण्डारीका अनुसार इलाम नगरपालिका–९ राजदुवालीमा पुरानै पहिरो थप धस्सिएर सडक बगेपछि कुनै पनि प्रकारका सवारीसाधन सञ्चालन गर्न सकिने अवस्था छैन।
‘गोदक–जोगमाई–तिल्केनी सडकमा रहेको डाइभर्सनमाथिबाट बाढी बगेपछि यो वैकल्पिक मार्ग पनि बन्द भएको छ,’ उनले भने, ‘केचना–कञ्चनजङ्घा मार्गअन्तर्गत पुवाखोलाको डाइभर्सन डुबानमा परेपछि उक्त सडकबाट यातायात सञ्चालन हुन सकेको छैन।’
डिभिजन सडक कार्यालय इलामका प्रमुख पवन भट्टराईले वर्षा रोकिएका बेला सडक मर्मतको काम भइरहे पनि लगातारको वर्षाले काम प्रभावित भएको बताए । जोगमाई र पुवाखोलामा बेलीब्रिज जडानको तयारी रहे पनि भारतबाट सामग्री र प्राविधिक आउने मिति अझै निश्चित नभएकाले तत्काल समाधान हुने अवस्था नरहेको उनीको भनाइ छ।
यातायात अवरुद्ध भएपछि इलाममा मालवाहक सवारीसाधन प्रवेश गर्न नसकेको इलाम उद्योग वाणिज्य सङ्घले जनाएको छ । सङ्घका अध्यक्ष चेतनाथ पौडेल (कृष्ण)का अनुसार व्यवसायीले साना सवारीमा सामान ओसारेर दैनिक आवश्यकताको जोहो गरिरहेका थिए, तर वैकल्पिक मार्गसमेत बन्द भएपछि इन्धन र खाद्यान्नको अभाव हुन सक्ने जोखिम बढेको छ । ‘सडक सञ्चालनलाई प्राथमिकतामा राखेर सम्बन्धित निकायले तत्काल प्रभावकारी पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो,’ उनले भने।
मेची क्षेत्रको मुख्य जीवनरेखा मानिने मेची राजमार्गको राजदुवाली खण्ड विगत तीन वर्षदेखि बर्खायाममा निरन्तर पहिरोको उच्च जोखिममा पर्दै आएको छ । करिब आधा किलोमिटर सडक बारम्बार धस्सिने समस्याले यस वर्ष पनि यातायात सञ्चालनमा गम्भीर असर पु¥याएको छ । पुवाखोला र कोल्बुङ क्षेत्रमा समेत पहिरोको जोखिम कायम रहेकाले थप वर्षा भए आवागमन अझ प्रभावित हुन सक्ने स्थानीयको भनाइ छ।
सडकको दुःखले यातायात व्यवसायी पीरमा छन् । ‘हरेक दिन सडक खुल्छ कि भन्ने आशामा निस्कन्छौँ । तर पानी परेपछि फेरि सबै बन्द हुन्छ,’ इलाम नगरपालिका–७ का सवारी चालक निङ्गा शेर्पाले भने, ‘गाडीको किस्ता, इन्धन र घरखर्च धान्नै गाह्रो भएको छ।’ रासस

# साना नदीमा आकस्मिक बाढीको पूर्वानुमान

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनसम्म देशका साना नदीमा आकस्मिक बाढीको पूर्वानुमान गरेको छ । विभागका अनुसार पाँचथर, इलाम, झापा, मोरङ, सप्तरी, सुनसरी, भोजपुर, संखुवासभा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, गोरखा, लमजुङ, तनहुँ, मकवानपुर, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासीपूर्व, नवलपरासी पश्चिम, पाल्पा, कास्की, पर्वत, म्याग्दी, स्याङ्जा, कैलाली र आसपास जिल्लाका साना नदीमा बाढी आउने जेखिम रहेको छ । विभागका बाढीविद् विनोद पराजुलीले काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक र अन्य आसपास जिल्लामा आकस्मिक बाढीको उच्च जोखिम रहेको बताए । सोमबार दिउँसो कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू–भागका धेरै र लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू–भागका थोरै स्थानमा मेघगर्जन÷चट्याङसहित मध्यमसम्मको वर्षा÷हिमपातको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू–भागका धेरै स्थानमा, मधेश प्रदेश तथा लुम्बिनी प्रदेशको पहाडी र तराई, कर्णाली र सुदुरपश्चिम प्रदेशको पहाडी भू–भागका केही स्थानमा तथा सुदुरपश्चिम प्रदेशको तराई भू–भागका थोरै स्थानमा मेघगर्जन÷चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू–भागको थोरै स्थानमा तथा मधेश प्रदेशलगायत कोशी, बागमती र गण्डकी प्रदेशको तराई र लुम्बिनी प्रदेशको पहाडी र हिमाली भू–भागको एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ । सोमबार राति भने कोशी र बागमती प्रदेशका हिमाली भू–भागका धेैरै स्थान, गण्डकी प्रदेशको हिमाली भू–भागको केही स्थान र लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू–भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । मधेश प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू–भागका धेरै स्थानमा, लुम्बिनी प्रदेशको पहाडी र तराई भू–भागका केही स्थानमा तथा कर्णाली प्रदेशको पहाडी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू–भागका थोरै मेघगर्जन÷चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।
कोशी प्रदेशको पहाडी र तराई भू–भागका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा साथै बागमती र गण्डकी प्रदेशको पहाडी र तराई भू–भागको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । रासस



**छिन्नमस्ता भगवती:** सप्तरीको छिन्नमस्ता गाउँपालिका– १ स्थित सखडामा रहेको छिन्नमस्ता भगवती मन्दिर। छिन्नमस्ता भगवती मनोकामना पूरा गर्ने शक्तिपीठहरू मध्ये एक पीठ मानिएको हुककदा यहाँ धार्मिक दृष्टिकोणले भारतीय तथा नेपालका विभिन्न स्थानबाट मन्दिर दर्शन एवं पूजापाठ गर्न आउने गरेका छन्। तस्बिरः अरुणकुमार यादव

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक जनकपुरधाम

**रासस**
**धनुषा।**

मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रुपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रुपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ।

प्रत्येक वर्ष लाखौँ स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ।

जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गङ्गासागर, विभिन्न प्राचीन मठ–मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवहरूले जनकपुरधामको पहिचानलाई अन्तरराष्ट्रिय स्तरमा पुर्याएका छन् । विशेषगरी भारतसँगको सांस्कृतिक सम्बन्ध, राम–जानकी विवाह परम्परा र विवाहपञ्चमी महोत्सवले धार्मिक पर्यटनलाई थप जीवन्त बनाएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्ने बताउँछन् । धार्मिक पर्यटनलाई रोजगारी, लगानी र स्थानीय उत्पादनसँग जोडेर अघि बढाउने प्रदेश सरकारको नीति रहेको उनको भनाइ छ।

पर्यटन पूर्वाधार विस्तार, सडक सुधार, सरसफाइ, सुरक्षा तथा पर्यटकमैत्री वातावरण निर्माणमा प्रदेश सरकारले प्राथमिकता दिएको उनले उल्लेख गरे । जनकपुरधामलाई अन्तरराष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रुपमा विकास गर्न मन्त्रालयले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेल बताउँछन् । जनकपुर–अयोध्या धार्मिक सर्किट, निजी क्षेत्रसँगको सहकार्य, पर्यटन पूर्वाधार विस्तार तथा मिथिला संस्कृतिको अन्तरराष्ट्रिय प्रवद्र्धन सरकारको प्राथमिकतामा रहेको उनले जानकारी दिए।

हिन्दू धर्मावलम्बीको प्रमुख तीर्थस्थलका रुपमा रहेको यस मन्दिरमा दैनिक हजारौँ श्रद्धालुले दर्शन गर्ने गरेका छन्। दैनिक हुने गङ्गाआरती, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलनोत्सव, दीपावली र छठजस्ता पर्वमा यहाँ लाखौँ श्रद्धालुको उपस्थिति रहने गर्दछ।



जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोषण दास वैष्णवले जनकपुरधाम सम्पूर्ण हिन्दू समुदायको आस्थाको केन्द्र भएकाले यसको धार्मिक गरिमा, मौलिकता र सम्पदाको संरक्षणमा सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए।

महन्त राम तपेश्वर दास वैष्णवले जनकपुरधाम धार्मिक आस्था मात्र नभई मिथिला सभ्यता, संस्कृति र आध्यात्मिक जीवनदर्शनको केन्द्र भएको बताउँछन् । धार्मिक पर्यटनलाई संस्कृति संरक्षणसँग जोडेर अघि बढाउनुपर्ने उनको धारणा छ । राम–जानकीसँग सम्बन्धित सम्पूर्ण धार्मिक स्थललाई एउटै धार्मिक पर्यटन मार्गका रुपमा विकास गर्न सके जनकपुरधाम विश्वस्तरीय गन्तव्य बन्नसक्ने सम्भावना रहेको छ।

जनकपुरधाम धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको पनि महत्वपूर्ण केन्द्र हो । मिथिला चित्रकला, मैथिली भाषा, लोकसंस्कृति, परम्परागत वेशभूषा, स्थानीय परिकार तथा सांस्कृतिक सम्पदाले पर्यटकलाई आकर्षित गरिरहेका छन् । विशेषगरी मिथिला चित्रकलाले अन्तरराष्ट्रिय बजारमा समेत छुट्टै पहिचान बनाएको छ । जनकपुरधामको महत्व धार्मिक पर्यटनमा मात्र सीमित नरही मिथिला सभ्यता, इतिहास, भाषा, साहित्य र संस्कृतिसँग जोडिएको छ । यसको अन्तरराष्ट्रिय पहिचान स्थापित गर्न अनुसन्धान, अभिलेखीकरण र प्रभावकारी प्रचारप्रसार आवश्यक छ।

धार्मिक पर्यटनसँगै शैक्षिक तथा अनुसन्धान पर्यटनको विकासमा पनि जनकपुरधामको ठूलो सम्भावना रहेको छ । धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। होटल, लज, रेष्टुरेन्ट, यातायात, धार्मिक सामग्री, हस्तकला, मिथिला चित्रकला, फूलमाला, प्रसाद, स्थानीय मिठाई तथा साना व्यवसाय धार्मिक पर्यटककै कारण फस्टाउँदै गर्दा हजारौँ स्थानीय नागरिकले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाएका छन्।

जनकपुरधाम आउने पर्यटकको यकिन तथ्याङ्क उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयसँग छैन । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार मन्त्रालयमा पर्यटक आगमनको एकीकृत र अद्यावधिक अभिलेख प्रणाली नहुँदा आधिकारिक तथ्याङ्क उपलब्ध गराउन कठिनाइ भएको छ। पर्यटकको यथार्थ तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा पर्यटन व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने दिशामा मन्त्रालयले आवश्यक पहल गरिरहेको उनको भनाइ छ।

उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले धार्मिक पर्यटन स्थानीय व्यापार र सेवा क्षेत्रको मेरुदण्ड बनेको बताए । गुणस्तरीय होटल, आधुनिक सुविधा र व्यवस्थित बजार विकास गर्नसके पर्यटकको बसाइ अवधि बढाउन सकिने उनको भनाइ छ।

सार्वजनिक–निजी साझेदारीमार्फत पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्नेमा उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका सल्लाहकार मनिषरमण साहको जोड रहेको छ। धार्मिक पर्यटनलाई उद्योग, व्यापार, स्थानीय उत्पादन र रोजगारीसँग जोड्नसके मधेश प्रदेशको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने उनको भनाइ छ।

विवाहपञ्चमी, रामनवमी, छठ, सीता नवमी तथा अन्य धार्मिक पर्वका बेला होटलहरूको 'अकुपेन्सी' उल्लेख्य रूपमा बढ्ने गरेको बताइन्छ । जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा, पर्याप्त आवास, आधुनिक सुविधा र पर्यटनमैत्री वातावरण आवश्यक रहेको छ । जनकपुरधामलाई धार्मिक पर्यटनसँगै सांस्कृतिक तथा सम्मेलन पर्यटनको केन्द्रका रूपमा विकास गर्न सके होटल व्यवसायसहित समग्र स्थानीय अर्थतन्त्रले थप गति लिनेमा उनी विश्वस्त छन्।

जनकपुरधाममा पार्किङ, सूचना केन्द्र, बहुभाषिक पर्यटक मार्गदर्शक, सरसफाइ, डिजिटल सूचना प्रणाली, हरियाली संरक्षण तथा आधुनिक पूर्वाधार विस्तारमा अझै काम गर्नुपर्ने आवश्यकता छ । धार्मिक सम्पदाको संरक्षणसँगै आधुनिक व्यवस्थापनलाई प्राथमिकता दिन सके जनकपुरधाम दक्षिण एसियाकै उत्कृष्ट धार्मिक पर्यटन गन्तव्य बन्न सक्नेछ । धार्मिक आस्था, मिथिला सभ्यता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता, स्थानीय आतिथ्य र बढ्दो पूर्वाधार विकासका कारण जनकपुरधाम नेपालको पर्यटन क्षेत्रको उज्ज्वल भविष्य बोकेको नगरीका रूपमा स्थापित हुँदै गएको छ।

धार्मिक पर्यटनलाई दिगो विकास, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिसँग जोड्नसके जनकपुरधामले नेपालको पर्यटन क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुर्याउनेछ।

# अन्सारीको स्वास्थ्य अवस्था बुझेपछि महतोको प्रतिक्रियाःजवाफदेहिता खोइ ?

**मधेशदृष्टि**
**काठमाडौँ।**

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले कीर्तिपुरस्थित सुकुम्बासी होल्डिङ सेन्टरमा प्रहरीको कथित दुव्र्यवहारका कारण घाइते भएका युवा अभियान्ता माजिद अन्सारीलाई अस्पताल पुगेर भेट गर्दै उनको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् । भेटपछि सामाजिक सञ्जाल फेसबुकमार्फत प्रतिक्रिया जनाउँदै महतोले प्रहरीको कुटपिटबाट अन्सारीको शरीरभरि निलडाम देखिएको उल्लेख गर्दै यस घटनाले राज्यको निरंकुश र विभेदकारी चरित्रलाई उजागर गरेको बताएका छन्।



महतोका अनुसार भेटका क्रममा माजिद अन्सारीले भावुक हुँदै भने, 'देशको प्रधानमन्त्री आफैँ मधेशी भएको बेला पनि मधेशी भएकै कारण ममाथि यसरी निर्घात कुटपिट किन गरियो ? के यो देशमा हाम्रो आत्मसम्मानको कुनै मूल्य छैन ? यही परिवर्तनका लागि हामी लडेका थियौँ र यही आशामा बालेनलाई मतदान गरेका थियौँ?'

महतोले माजिदको प्रश्न आफूलाई मात्र नभई सम्पूर्ण मधेशी समुदायलाई प्रतिनिधित्व गर्ने प्रश्न भएको उल्लेख गर्दै यसलाई वर्तमान सरकार र समग्र राज्य व्यवस्थाप्रति गम्भीर प्रश्नका रूपमा व्याख्या गरे। उनले पक्राउ पुर्जीबिनै, कुनै कानुनी आधार नदेखाई मध्यरातमा नियन्त्रणमा लिएर कुटपिट गर्नु तथा 'मधेशी' भन्दै नश्लीय गालीगलौज गर्नु कानुनी शासनविपरीत भएको आरोप लगाए।

उनले सत्ता परिवर्तन मात्र पर्याप्त नभई मधेशी तथा अन्य सीमान्तकृत समुदायप्रति राज्यको दृष्टिकोण र व्यवहारमा समेत परिवर्तन आवश्यक रहेको बताएका छन्।

महतोले अन्सारीलाई कुन कानुनी आधारमा पक्राउ गरिएको र उनीमाथि कथित दुव्र्यवहार किन गरियो भन्ने विषयमा सरकारले तत्काल स्पष्ट जवाफ दिनुपर्ने माग गरेका छन्। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषी प्रहरीमाथि कडा कारबाही गर्न, माजिदको जीवनरक्षाको सुनिश्चितता गर्न तथा उनको सम्पूर्ण उपचारको व्यवस्था गर्न पनि उनले सरकारसँग माग गरेका छन्।

सामाजिक सञ्जालमार्फत महतोले रंग, भूगोल वा पहिचानका आधारमा आफ्नै नागरिकमाथि हुने विभेद स्वीकार्य हुन नसक्ने उल्लेख गर्दै यस्तो प्रवृत्तिविरुद्ध मौन बस्न नसकिने बताएका छन्। उनले अन्त्यमा माजिद अन्सारीको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन्।

# नहरमा डुबेर बेपत्ता बालक मृत फेला

**मधेशदृष्टि**
**सप्तरी।**

कञ्चनरूप नगरपालिका–८ कञ्चनपुरस्थित चन्द्र नहरमा नुहाउने क्रममा बेपत्ता भएका १० वर्षीय बालक मृत अवस्थामा फेला परेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार स्थानीय रविन्द्र प्रमाणीका छोरा पंकज प्रमाणी आइतबार साँझ साथीहरूसँग नहरमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए।

घटनापछि परिवारले जानकारी गराएलगत्तै विपद् व्यवस्थापन बेस भारदहबाट सशस्त्र प्रहरी निरीक्षक महेशकुमार कार्कीको नेतृत्वमा उद्धार टोली परिचालन गरिएको थियो। खोजी कार्यलाई सहज बनाउन चन्द्र नहरमा पानीको बहावसमेत रोकिएको थियो।

खोजीका क्रममा बालक नुहाएको स्थानबाट करिब ७५ मिटर दक्षिणतर्फ उनको शव फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

प्रहरीले शव पोस्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज पठाएको छ।

# रथयात्रामा सहभागी हुन अपिल

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजस्थित ऐतिहासिक तथा धार्मिक आस्थाको केन्द्र श्री गहवा माई मन्दिरमा असार ३२ र साउन १ गते आयोजना हुने 'चौथो विशाल रथयात्रा तथा पावन धार्मिक महोत्सव–२०८३' मा सहभागी हुन विश्व ज्योतिष महासङ्घका एसिया उपसभापति तथा बृहस्पति फाउन्डेसन नेपालका अध्यक्ष 'ज्योतिष सम्राट' डा. पुरुषोतम दुबेले सम्पूर्ण श्रद्धालु तथा नगरवासीलाई आह्वान गरेका छन्।

भानु जयन्तीका अवसरमा जारी शुभकामना सन्देशमा उनीले गहवा माईको रथयात्रा धार्मिक आस्थासँगै सामाजिक सद्भाव, सांस्कृतिक एकता र आपसी भाइचाराको प्रतीक बनेको उल्लेख गर्दै सबै सामाजिक, धार्मिक तथा व्यावसायिक सङ्घ–संस्था र नागरिकलाई सक्रिय सहभागिताका लागि आग्रह गरेका हुन्।

डा. दुबेले ज्योतिषीय दृष्टिले असार मसान्त र श्रावण सङ्क्रान्तिको समय अत्यन्त शुभ हुने उल्लेख गर्दै यस अवधिमा देवी आराधना, रथयात्रा तथा महाप्रसाद ग्रहणले सकारात्मक ऊर्जा, मानसिक शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको बताए।

आयोजकका अनुसार असार ३२ गते बिहान ७:३० बजे गहवा माई मन्दिर परिसरबाट भव्य रथयात्रा सुरु हुनेछ । रथयात्राका क्रममा हेलिकप्टरबाट पुष्पवृष्टि गरिनेछ भने साँझ ६ बजे भजन सन्ध्याको आयोजना गरिने कार्यक्रम छ।

यस्तै, श्रावण १ गते बिहान ५६ भोग महापूजा तथा दिउँसो ४ बजेदेखि विशाल महाप्रसाद भण्डाराको आयोजना गरिनेछ।

कार्यक्रममा लाखौँ श्रद्धालुको सहभागिता रहने अपेक्षा गरिएको आयोजकले जनाएको छ । डा. दुबेले रथयात्रालाई सभ्य, शान्तिपूर्ण र व्यवस्थित बनाउन सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै घर, पसल तथा प्रतिष्ठानमा कलश, तोरण र दीप प्रज्वलन गरी माता गहवा माईको स्वागत गर्न तथा श्रद्धालुका लागि खानेपानी, शरबतलगायत सेवामूलक व्यवस्था गर्न नगरवासीलाई आग्रह गरेका छन्।

शुभकामना कार्यक्रममा रथयात्रा संयोजक बसन्त गुप्ता, विकास समितिका उपाध्यक्ष देवानन्द कलवार, सचिव पप्पु गुप्ता, कोषाध्यक्ष रवि अग्रवाल तथा पदाधिकारी एवं सदस्यहरूको उपस्थिति रहेको थियो।

# आम महिला मोर्चाको केन्द्रीय अध्यक्षमा कुमारी बबिता

**मधेशदृष्टि**
**वीरगंज।**

आम जनता पार्टी (आजपा) निकटको जनवर्गीय संगठन आम महिला मोर्चाको केन्द्रीय कार्य समिति पुनर्गठन गरिएको छ । कुमारी बबिताको अध्यक्षतामा ५९ सदस्यीय केन्द्रीय समिति पुनर्गठन भएको हो।

आजपा संगठन विभाग प्रमुख त्रिभुवन साहद्वारा जारी प्रेस विज्ञप्ति अनुसार पुनर्गठित समितिको इन्चार्जमा रन्जुकुमारी साह, सहइन्चार्जमा रुपसागर देवी उपाध्याय छन्।

समितिको उपाध्यक्षहरूमा देवकुमारी साह, सुमि धिमाल, रामकुमारी सदा र रेहना खातुन छन् भने महासचिवमा सीमा जयसवाल छन् । संगठनको उपमहासचिव पदमा मिनादेवी साह, लक्ष्मी मगर, पुजा कुशवाहा र विद्या सापकोटा छन्।



यसैगरी सचिवको जिम्मेवारी बिनिता पासवान, रुपा चौधरी, बबिता पाण्डे र सुनिता महतोलाई दिइएको छ । सहसचिवहरूमा मिना गुरुङ, सन्ध्या पासवान, रन्जु चौधरी र रिंकी गुप्ता छन् भने कोषाध्यक्षको जिम्मेवारी किरण यादवले पाएकी छन्।

महिला मोर्चाको केन्द्रीय कमिटी सदस्यहरुमा हरिकला देवकोटा, आशादेवी साह, फुलबदन देवी पटेल, सिवानी साह, लीलादेवी यादव, अनिता थापा, कान्तिदेवी राम, रेखा साह, ममता चौधरी, मधु चौधरी, निकिता पाण्डे, प्रेमा देवी साह, मैना तामाङ, पूजा गुप्ता, उमा देवकोटा, सविता देवी साह, इन्द्रवती साह, भवानीदेवी राम, लक्ष्मी विक, गायत्री राई, मधु मगर, लक्ष्मी राई, बबिताकुमारी राम, गेनावती साह, प्रियंका कुशवाहा, किरणदेवी कुशवाहा, लालमुनी कुशवाहा, इन्दु साह रहेका छन्।

यसैगरी, सदस्यहरुमा नेसा खातून, कुन्ती यादव, उर्मिला रौनियार, बबिता साह, आरतीकुमारी साह, गुडीकुमारी साह, ममता मण्डल, मिरा शाह, सकुन्तला देवी, शोभा साह लगायतका रहेका छन् । पुनर्गठनले महिला मोर्चालाई थप गतिशील र सुदृढ बनाउने विश्वास संगठनले लिएको छ ।

# भुक्तानी रोकिएपछि उपभोक्ता र व्यवसायी आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम।**

महोत्तरीको एकडारा गाउँपालिकामा आर्थिक वर्ष २०८२/८३मा सम्पन्न विकास निर्माण योजनाको भुक्तानी रोकिएको भन्दै उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूले जिल्ला प्रशासन कार्यालयमार्फत प्रमुख जिल्ला अधिकारीलाई तीनबुँदे मागपत्र बुझाएका छन्।

संयुक्त रूपमा बुझाइएको मागपत्रमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामजी जोशी, योजना शाखा प्रमुख बिरेन्द्र मण्डल, प्राविधिक शाखा प्रमुख रोहितकुमार झा र लेखा शाखा प्रमुख निरज चौधरी आर्थिक वर्षको अन्तिम समयमा कार्यालयमा अनुपस्थित भएको तथा सम्पर्कविहीन बनेको आरोप लगाइएको छ । सरकारी मोबाइलसमेत बन्द गरेर जिम्मेवारीबाट पन्छिएको भन्दै उनीहरूको अनुपस्थितिका कारण करोडौँ रुपैयाँ बराबरको भुक्तानी रोकिएको दाबी गरिएको छ।

मागपत्रमा उपभोक्ता समिति र निर्माण व्यवसायीमार्फत सञ्चालन भएका अधिकांश विकास निर्माणका योजना सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदनसमेत पेश गरिसकिएको भए पनि भुक्तानी प्रक्रिया अघि नबढ्दा निर्माण व्यवसायी र उपभोक्ता समितिहरू आर्थिक तथा मानसिक समस्यामा परेको उल्लेख गरिएको छ। यही विषयलाई लिएर असार २६ गतेदेखि गाउँपालिकामा तालाबन्दीसमेत गरिएको जनाइएको छ।

पीडित पक्षले प्रमुख जिल्ला अधिकारीसमक्ष तीनवटा माग अघि सारेका छन् । बाँकी सबै भुक्तानी नहुँदासम्म प्रमुख प्रशासकीय अधिकृत रामजी जोशीको सरुवा वा रमाना प्रक्रिया रोक्नुपर्ने, जिम्मेवारी छाडेको आरोप लागेका कर्मचारीमाथि विभागीय तथा कानुनी कारबाही गर्नुपर्ने तथा जिल्ला प्रशासन कार्यालयको पहलमा रोकिएको भुक्तानी तत्काल निकासा गराउनुपर्ने उनीहरूको माग छ । मागहरू तत्काल सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत मागपत्रमा दिइएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन